हार्दिक शुभकामना
महिला दिवसको अवसरमा सम्पूर्ण महिला जनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जनकपुर टुडे
रेडियो टुडे
टिभी टुडे, परिवार

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना
महाशिवरात्रिको पावन अवसरमा सम्पूर्ण श्रद्धालु भक्तजनहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जनकपुर टुडे
रेडियो टुडे
टिभी टुडे , परिवार

वर्ष २५ • अंक २८१ • २०८० साल फाल्गुन २५ गते शुक्रबार (8 March, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### सरकार परिवर्तनको प्रभाव

# वीरगञ्ज महानगरका मेयर सिंहमाथि मुद्दा दर्ता

**टुडे समाचारदाता**

वीरगञ्ज । देशमा सरकार परिवर्तनको प्रभाव वीरगञ्जमा देखिएको छ । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह श्रेष्ठ विरुद्ध किर्ते जालसाजी मुद्दा बिहीबार दर्ता भएको छ।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह विरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा किटानी जाहेरी दर्ता भएको छ।

मेयर सिंह विरुद्ध जन्मदर्ता किर्ते गरेको कसुरमा जिल्ला प्रहरी कार्यालय पर्सामा किटानी जाहेरी दर्ता भएको प्रहरी प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताए । 'जिल्ला न्यायाधिवक्ताको कार्यालयबाट १०-१५ दिन अगाडि नै जाहेरी आएको थियो ' उनले भने, त्यो जाहेरी नै दर्ता भएको छ।'

मेयर सिंहसहित उनले आफ्नो छारी बनाएको रुबिना श्रेष्ठ, रिता भट्टराई र भिखारी राय विरुद्ध जाहेरी दर्ता भएको प्रवक्ता थापाले बताए।

'मेयर सिंह सहितका व्यक्तिहरू विरुद्धको सरकारी कागज किर्तेको जाहेरी दर्ता भएको छ,' प्रवक्ता थापाले भने, 'किर्ते कागजातको छानबिन, सिफारिस गर्ने पञ्जिकरण अधिकारी लगायतको बयान र अनुसन्धान अगाडि बढछ।'

दुई महिना अगाडि जिल्ला प्रहरी कार्यालय पर्सामा स्थानीय लियाकत अलिले मेयर सिंहको विरुद्ध निवेदन पेश गरेका थिए। दुई महिना पछि मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

> जाहेरीमा मेयर सिंहले अर्काकी छोरीलाई आफै बाबु बनेर नागरिकता बनाइदिएको उल्लेख छ। साथै, सोही नागरिकता बनाउन उनले पेश गरेका जन्मदर्ता, सिफारिस लगायतको कागजात किर्ते गरेर नागरिकता बनाएको समेत आरोप छ।



जाहेरीमा मेयर सिंहले अर्काकी छोरीलाई आफै बाबु बनेर नागरिकता बनाइदिएको उल्लेख छ । साथै, सोही नागरिकता बनाउन उनले पेश गरेका जन्मदर्ता, सिफारिस लगायतको कागजात किर्ते गरेर नागरिकता बनाएको समेत आरोप छ।

उजुरी परेको लामो समय भए पनि मुद्दालाई दर्ता नगरी राखिएको थियो । तर बिहीबार मुद्दा दर्ता गरेर प्रहरीले छानबिन प्रक्रिया अगाडि बढाएको छ । वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ बाट २०७१ कात्तिक २० गते जन्मदर्ता बनाई रूविना श्रेष्ठको नागरिकता बनाएको भन्दै सिंहमाथि उजुरी परेको छ।

जिल्ला प्रशासनको अभिलेखमा २०७५ साउन १३ गते नागरिकता लिएको र २०७६ फागुन ८ मा प्रतिलिपि लिएको देखिन्छ। प्रहरीले यस सम्बन्धमा अव अनुसन्धान गर्ने जनाएको छ। किर्ते नागरिकता प्रकरण बारे गृह मन्त्रालयबाट आएको टोली समक्ष मेयर राजेशमान सिहले पेश गरेको जन्मदर्ता नै नक्कली ठहरेको थियो।

निवर्तमान गृहमन्त्री नारायणकाजी श्रेष्ठको विशेष आशिर्वाद पाएका नगर प्रमुख राजेशमान सिंह विरुद्धको कारवाही रोकिएको थियो। बुधबार गृहमन्त्री फेरिनासाथ मेयर किर्ते नागरिकता प्रकरणले गति लिएको हो।

जिल्ला प्रहरी कार्यालय पर्साको मुद्दा शाखामा कार्यरत प्रहरी निरीक्षक मनिषा लौडारीले जिल्ला सरकारी वकिलको कार्यालयबाट आएको पत्र दर्ता भएको र सो को दर्ता नः ८३७ रहेको बताइन्।

नेपालको कानुन बमोजिम सरकारी वा सार्वजनिक लिखित किर्ते गर्नेलाई ७ वर्ष कैद र ७० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था रहेको छ।

रिता भट्टराईले जिल्ला अदालत पर्सामा पेश गरेको उक्त जन्मदर्ता प्रमाण पत्र स्थानीय पञ्जिकरण अधिकारी भिखारी रायको नामबाट जारी भएको देखिन्छ। तर, भिखारी रायले उक्त जन्म दर्तामा प्रयोग भएको हस्ताक्षर र नाम किर्ते गरिएको बताउदै आएका छन। रायले उक्त प्रमाणपत्रमा गरिएको हस्ताक्षर र आफ्नो हस्ताक्षर फरक रहेको दावी गरेका छन्।

सोही किर्ते जन्म दर्ताको आधारमा मेयर सिंहले विद्यालयका कागजात, नागरिकता, पासपोर्ट लगायतका कागजात बनाएको भन्दै उनले जन्मदर्तामा भएको किर्तेबारे जुनसुकै निकायमा बयान दिन तयार रहेको बताउँदै आएका थिए । किर्ते नागरिकता प्रकरणमा गृहमन्त्रालयबाट आएको छानबिन समक्ष नक्कली जन्मदर्ता नै पेश गरेको आरोप छ।

सिंहले वीरगंज उपमहानगरपालिका कार्यालयको दर्ता नम्बर २३४४ राखेर पारिवारिक लागत फारम नं. १०६/२०७१/२०७२ बाट जन्मदर्ताको प्रमाणपत्र तयार गरेका थिए । जन्मदर्ताको प्रमाणपत्रमा स्थानीय पञ्जिकरणको किर्ते हस्ताक्षर मात्र नभइ बुवा भनिएको राजेशमान सिंहको नागरिकता नम्बर र आमा भनिएको रिता भट्टराईको नागरिकता नम्बर समेत गलत उल्लेख गरिएको पाइएको छ।

यता जिल्ला प्रशासन कार्यालयले पनि मेयर सिंहविरुद्ध किर्ते मुद्दाको अनुसन्धान प्रक्रिया अगाडि बढिसकेको जनाएको छ। पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले गृह मन्त्रालयबाट आएको टोलीले दिएको प्रतिवेदनको आधारमा अनुसन्धान प्रक्रिया अगाडि बढाइने बताए।

मेयर सिंहले रुविना श्रेष्ठको पिता भएर जिल्ला प्रशासन कार्यालय पर्साबाट वंशजको नागरिकता बनाएका छन् । रुविना मेयर सिंहकी छोरी नरहेको दावी गर्दै जिल्ला प्रशासन कार्यालयमा जाहेरी दर्ता भएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले छानविन भइरहेको भन्दै मुद्दा दर्ता गरिएको छ । जनता समाजवादी पार्टी नेपालमा आवद्ध सिंह १० जेठ २०७९ मा वीरगञ्ज महानगरको मेयरमा निर्वाचित भएका थिए।

गएको पुस अन्तिमतिर वीरगञ्जका मेयर सिंहले आफु नक्कली बाबु बनेर एक जना युवतीलाई नागरिकता बनाइ दिएको सार्वजनिक भएको थियो । त्यसबेला जिल्ला प्रशासन कार्यालयले छानबिन गर्दा ढड्डाबाट अनुसूची नै गायब भएको पाइएको अधिकृतहरु बताउँछन्।

## जसपा आज सरकारमा जाने



**टुडे समाचारदाता**

काठमाण्डु । सत्ता गठबन्धनको प्रमुख साझेदार रहेको जनता समाजवादी पार्टी (जसपा) नेपालमा मन्त्रीको टुंगो लगाउन सकस भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र वन तथा वातावरण मन्त्रालय पाएको जसपाबाट उपप्रधान सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी अध्यक्ष उपेन्द्र यादव र वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी नवलकिशोर साहले सम्हाल्ने छन्।

अध्यक्ष यादव बाराको निर्वाचन क्षेत्र नम्बर २ बाट र साह सप्तरीको निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका हुन्।

स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीमा धनुषा- १ बाट निर्वाचित दीपक कार्की नियुक्त हुने भएका छन् । उच्च स्रोतका अनुसार मन्त्रीहरुको नियुक्ति र सपथग्रहण शुक्रबार हुने छ।






# पचरौताका वडाध्यक्षसहित चार जना विरुद्ध आरोपपत्र दायर

**टुडे समाचारदाता**

बारा । बारामा एक वडाध्यक्षले बाटो नभएको खेतीयोग्य जमिन रहेको भन्दै गलत सिफारिस गरि राजस्व छली गरेको आरोपमा चारजना विरुद्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाण्डुले विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

पचरौता नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष कन्हैयालाल यादव, जग्ग विक्रिकर्ता विद्या यादव, जग्गा खरिदकर्ता बृजकिशोर प्रसाद यादव र अवधकिशोर प्रसाद यादवले झुठो कागजात गरि बढी रकम लिएको देखिएको भन्दै आरोपितहरुलाई विगो जफत हुने गरि जरिवानासमेत गर्न माग गर्दै विशेष अदालतमा आरोप पत्र दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

बाराको पचरौता नगरपालिका वडा नं. ४ का वडाध्यक्ष कन्हैयालाल यादवले पचरौता-४ स्थित कि.नं. १७३ क्षेत्रफल ०-९-५ जग्गामा कुनै पनि कच्ची वा पक्की सडक बाटो नभएको खेतीयोग्य जमिन रहेको भनि गलत सिफारिसको आधारमा राजस्व छलेको भएको भन्दै परेको उजुरी निवेदन सम्बन्धमा अनुसन्धानको क्रममा बिक्रीकर्ता र खरिदकर्ताले तिर्नुपर्ने पुँजीगत लाभकर एवं रजिष्ट्रेसन शुल्कबापतको राजस्व रकम रु.८,११,९५१।- नबुझाएको कारण नेपाल सरकारलाई हानी नोक्सानी पुगेको आयोगले ठहर गरेको छ ।

आयोगले आरोपित वडाध्यक्ष कन्हैयालाल यादवसँग ८ लाख एघार हजार ९ सय ५१ रुपैयाँ विगोसहित भ्रष्टाचार निबारण ऐन, २०५९ को दफा ८ को उपदफा ३ तथा दफा ९ बमोजिमको कसुरमा सो ऐनको दफा ८ को उपदफा ३ तथा दफा ९ बमोजिम सजाय हुन माग दाबी गरेको छ । जग्गा बिक्रीकर्ता विद्या यादवले जग्गा विक्री गर्दा पुँजीगत लाभकर दाखिला गर्नुपर्नेमा उनले घर बाटो सिफारिस लिँदा सो जग्गालाई कुनै पनि किसिमको बाटोले नछोएको खेतीयोग्य जमिन रहेको भन्दै वडा कार्यालयमा निवेदन दिएर गलत घर बाटो सिफारिस गराइ पुँजीगत लाभकर वापत ५ लाख ३४ हजार १ सय ८७ रुपैयाँ बराबरको राजश्व रकम कम तिर्ने मनसायले भूमिसुधार तथा मालपोत कार्यालय बाराले आ.व. ०७९/०८० को लागि निर्धारित गरेको न्यूनतम मूल्यांकन समेत उल्लंघन गरी हानी नोक्सानी पुर्‍याको देखिएको आयोगले ठहर गरेको छ ।

जसले गर्दा आयोगले आरोपित विद्या यादवबाट ५ लाख ३४ हजार १ सय ८७ रुपैयाँ विगो बमोजिम जरिवाना र विगोसमेत जफत गर्न माग दावी आयोगले गरेको छ ।

जग्गा खरिदकर्ता बृजकिशोर प्रसाद यादव र अवधकिशोर प्रसाद यादवले जग्गा खरिद गर्दा जग्गा खरिद रजिष्ट्रेसन दस्तुर वापतको राजश्व रकम कम तिर्ने मनसायले पक्की सडकले छोएको जग्गालाई बाटो नछोएको खेतीयोग्य जग्गा भन्ने सिफारिस गराई रजिष्ट्रेसन दस्तुर वापत २ लाख ७७ हजार ७ सय ६३ रुपैयाँ बराबरको राजश्व रकम विगोसहित तिर्नुपर्ने आयोगले ठहर गरेको प्रवक्ता घिमिरेले बताए । उनले आरोपितहरुलाई सजाय गरी विगो बमोजिम जरिवाना र विगोसमेत जफत गर्न माग दावी गर्दै विशेष अदालत काठमाण्डुमा आरोपपत्र दायर गरेको बताए ।

# दिब्य जानकी चरित्रमा आधारित कथा वाचन



**टुडे समाचारदाता**


जनकपुरधाम । दिब्य जानकी चरित्र माथि केही दिन देखि जानकी मन्दिरमा प्रचवन चलिरहेको छ ।

रामायण कथावाचक मुरलीधरले रामायणमा आधारित रहेर सीताको गाथासहित कथा, वैवाहिक उत्सवदेखि सन्तानसम्ममा सीताको भुमिका र चरित्रमाथि प्रकाश पार्दै दश दिवसीय दिब्य जानकी चरित्रसम्बन्धी प्रवचन चलिरहेको छ ।

सीताको विवाहको क्रममा गरिएको विभिन्न पारम्परिक विधि र सीताको विवाह अघि धनुष यज्ञसहितको कथाको प्रवचन कथावाचक मुरलीधरले गरेको छ ।

सो क्रममा सीताको विवाहमाथि चर्चा गर्दै कथावाचक मुरलीधरले मेहदी विधि, विवाह विधि, स्वयम्बर विधि, धनुष यज्ञलगायतका माथि कथा वाचन गरेको छ ।

# शिवरात्रिमा पुष्प वर्षा र सवा दुई करोड दीप प्रज्वलन गरिने



टुडे समाचारदाता

काठमाण्डु । ऐतिहासिक महत्व बोकेको धनगढी उपमहानगरपालिका-१६ रामपुरस्थित बेहडाबाबा मन्दिरमा महाशिवरात्रिका अवसरमा हेलिकप्टरद्वारा पुष्प वर्षा र सवा दुई करोड दीप प्रज्वलन गरिने भएको छ ।मन्दिर व्यवस्थापन समिति र बेहडाबाबा पुष्प वर्षा समारोह उपसमितिको आयोजनामा माहाशिवरात्रिका अवसरमा हुन लागेको पुष्प वर्षा र सवा दुई करोड दीप प्रज्वलन कार्यक्रमको तयारी भएको आयोजक मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पद्मराज जोशीले जानकारी दिए ।हरेक वर्ष आयोजना गरिने महाशिवरात्रि मेलामा पहिलो पटक हेलिकप्टरबाट पुष्प वर्षा गरिन लागिएको उनले बताए । कैलालीको प्रसिद्ध धार्मिकस्थल मानिने बेहडाबाबालाई पर्यटकीय गन्तव्य बनाउनका लागि प्रचारप्रसार गर्न हेलिकप्टरबाट पुष्प वर्षा गराउन लागिएको आयोजकको भनाइ छ ।

शुक्रबार महाशिवरात्रिको दिन बिहान ११ देखि मध्याह्न १२ बजेको समयमा हेलिकप्टरबाट पुष्प वर्षा गराइने र अपराह्न ४ बजे सवा दई करोड बत्ती प्रज्वलन गरिने आयोजकले जनाएको छ । पुष्प वर्षा कार्यक्रमका लागि नरेन्द्र शाहको संयोजकत्वमा रहेको टोलीले रु १४ लाख नौ हजार नौ सय ५० रकम सङ्कलन गरिसकेको छ ।

पुष्प वर्षाका लागि हेलिकप्टर भाडाबापत रु ११ लाख र तीन क्विन्टल फूलको रु दुई लाख गरी जम्मा रु १३ लाख खर्च हुने अनुमान गरिएको आयोजकको भनाइ छ । पुष्प वर्षासँगै महाशिवरात्रिमा भक्तजनका लागि महाभण्डारासमेत चलाउने र उपस्थित सम्पूर्ण भक्तजनलाई निःशुल्क खाना र पानीको व्यवस्था गरिने बताइएको छ । बेहडाबाबा धाममा भक्तजनलाई जान आउनदेखि दर्शन तथा पूजापाठ गर्नसम्मका लागि सम्पूर्ण तयारी गरिएको छ। आवतजावतका लागि बसको व्यवस्था र कडा सुरक्षाकोसमेत व्यवस्था गरिएको छ ।

त्यस्तै यस बेहडाबाबा मन्दिरमा लाग्ने महाशिवरात्रिमा दर्शनका लागि छिमेकी मुलुक भारतबाटसमेत दर्शनार्थी आउने गरेका छन् । बेहडाबाबा मन्दिरको दर्शनका लागि भारतका लख्खीमपुर, पलिया, पिलीभित, युपी, उत्तराखण्डलगायत विभिन्न क्षेत्रबाट भक्तजन आउने गरेको मन्दिर व्यस्थापन समितिका अध्यक्ष जोशीले बताए ।

# रविलाई सूर्य नेपाल च्यालेन्जको उपाधि डिफेन्डिङ च्याम्पियन सदभाव सात स्ट्रोकले पराजित




**टुडे समाचारदाता**

काठमाण्डु । डिफेन्डिङ च्याम्पियन एमेच्योर सदभाव आचार्यलाई सात स्ट्रोकको फराकिलो अन्तरमा हराउँदै पुर्व नम्बर एक गल्फर रवि खड्काले सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं प्रतियोगिता, सूर्य नेपाल च्यालेन्जको उपाधि जितेका छन्। उनले सात वर्षपछि करियरको पहिलो उपाधि जितेका हुन्। सन २०१७ को अप्रिलमा सूर्य नेपाल एनपीजीए म्याच प्ले जितेपछि यो उनको पहिलो उपाधि हो। उनको यो सूर्य नेपाल टुरको १२औं उपाधि हो। उपाधि सहित उनले नगद एक लाख प्राप्त गरे। लगातार दुई दिनका लिडर सदभाव आचार्यले अन्तिम दिन आज ६-ओभर ७४ को खराब प्रदर्शन गर्दा उपाधि रक्षा गर्ने मौका गुमाए। समग्रमा १-अन्डर २ सय ७१ को स्कोरमा उनले चित्त बुझाए। उनले एमेच्योरतर्फ उपाधि जिते। एमेच्योर तर्फ समग्रमा ७-ओभर २ सय ७९ को स्कोर मा टासी छिरिङ दोस्रो भए। उनले आज ३-ओभर ७१ मा खेल सकाए। समग्रमा १-ओभर २ सय ७३ सहित प्रोतर्फ दिनेश प्रजापति, दीपक मगर र धन बहादुर थापाले संयुक्तरुपमा दोस्रो स्थान बाँडे। दिनेशले आज ४-अन्डर ६४ को उत्कृष्ट स्कोर बनाउँदा दीपकले १-ओभर ६९ र धनले ३-ओभर ७१ को स्कोर खडा गरे। उनीहरूले समान ५१ हजार ६ सय ६५ रूपैयाँ नगद पुरस्कार प्राप्त गरे।

पहिलो दिनका लिडर रामे मगरले आज इभन-पार ६८ खेलेर समग्रमा ४-ओभर २ सय ७६ सहित पाँचौं स्थानमा खेल सकाउँदै ३६ हजार नगद पुरस्कार हात पारे। समग्रमा ५-ओभर २ सय ७७ को नतिजामा भुवन नगरकोटी, सञ्जय लामा, भुवन कुमार रोक्का र जयराम श्रेष्ठले संयुक्तरुपमा छैटौं स्थान बाँडे। दाबेदार भुवनले आज ८-ओभर ७६ को बिर्सनलायक प्रदर्शन गर्दा तेस्रो स्थानबाट तल झर्दै छैटौं स्थानमा खेल सकाउन बाध्य भए।

यस्तै ३-ओभर ७१ स्कोर गर्दा भुवन कुमार रोक्का र जयरामले इभन-पार ६८ मा खेल पुरा गरे। उनीहरूले २७ हजार ८ सय ७५ नगद आफ्नो नाममा लेखाए। समग्रमा १२-ओभर २ सय ८४ को नतिजामा रमेश अधिकारी दशौं भए र २१ हजार प्राप्त ग्रे।उनले आज ६-ओभर२ सय ७४ को स्कोर बनाए।

अन्तिम १८ होलको खेल सुरू हुँदा रवि सदभाव भन्दा ३ स्ट्रोकले पछि थिए। सदभावले लय गुमाउँदा रविले सुदबुझपुर्ण प्रदर्शन गरे। रविले पहिलो, दोस्रो, चौथो र आठौं होलमा बर्डी प्रहार गरे। तेस्रो र सातौं होलमा एक-एक सट खेर फाले। फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए। यता ३ स्ट्रोकको अग्रतामा दिनको सुरूवात गरेका सदभावले पहिलो होलमा बर्डी प्रहार गरे पनि तेस्रो होलको डबल बोगी र आठौं होलको बोगीले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए। नौ होलको समाप्तीमा रविले सदभावलाई एक स्ट्रोकले पछि पारे।

खेलको टर्निङ प्वाइन्ट दशौं होल बन्यो। सदभावले टी सट जंगलमा प्रहार गरे। दोस्रो सट ओबी खेल्दा यो होलमा ट्रीपल बोगीको सामना गर्न बाध्य भए। यता रविले यही होलमा इगल प्रहार गर्दा दशौं होलको समाप्तीमा रविले सदभाव विरूद्ध ६ स्ट्रोकको अग्रता बनाए। यसपछि रविले १७औं होलमा एक सट खेर फाले भने १८औं होलको बर्डीले ब्याक नाइन २-अन्डर ३२ मा नै पुरा गरे।

सदभावले दशौं होलको ट्रीपल बोगी लगतै १२औं होलमा डबल बोगी र १५औं होलमा बोगीको सामना गरे। १३औं र १४औं होलमा एक-एक सट बचाए र ब्याक नाइन ४-ओभर ३८ मा सकाए। दिनेशले फ्रन्ट र ब्याक नाइन दुवै २-अन्डर ३२ मा सकाए। उनले पहिलो, चौथौं, आठौं, १०औं र १५औं होलमा बर्डी प्रहार गर्दा सातौं होलमा एक सट खेर फाले।

दीपकले पहिलो र सातौं होलमा एक-एक सट बचाउँदा पाँचौ र नवौं होलको बोगीले फ्रन्ट नाइन इभन-पार ३४ मा सकाए। यसपछि १३औं होलको बर्डी विरूद्ध १५औं र १७औं होलको बोगीले ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे। धनले फ्रन्ट नाइन २-ओभर ३६ र ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे। यो क्रममा उनले पहिलो, ११औं, १३औं र १५औं होलमा बर्डी प्रहार गरेपनि तेस्रो, आठौं र नवौं होलमा बोगी खेप्दा १०औं र १८औं होलमा डबल बोगीको सामना गरे। ७२ होलको चार दिने प्रतियोगिताको कुल ५ लाख ७२ हजार २ सय ५० नगद पुरस्कार राशी रहेको थियो। प्रतियोगितामा कूल ३१ प्रोफेसनल र ११ एमेच्योर खेलाडीको सहभागीता रहेको थियो। प्रतियोगिताका विजयी खेलाडीहरुलाई सूर्य नेपाल प्रालिका मार्केटिङ उपाध्यक्ष दीप्रा लहरी, पिजीए नेपालका सल्लाहकार घनश्याम थापा, आरएनजीसीका अध्यक्ष मधुकर याकथुम्बा, क्याप्टेन मिथुन राई र कोषाध्यक्ष रोशन राईले पुरस्कार वितरण गरे।

# मुख्यमन्त्री यादवद्वारा महाशिवरात्रिको शुभकामना



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले महाशिवरात्रिको अवसरमा सबैको पीडा नाश होस् भन्दै प्रदेशवासीमा शुभकामना दिएका छन् ।

सनातन धर्मावलम्बीहरुको पावन पर्व महाशिवरात्रिको अवसरमा सबैमा मंगलमय शुभकामना दिँदै मुख्यमन्त्री यादवले सम्पूर्ण प्रदेश र देशवासीहरुमा खुशी, शान्ति र समृद्धिको कामनासमेत व्यक्त गरेका छन् ।

उनले महाशिवरात्रिमा शिवको आराधनाबाट सबै दुख, कष्ट र पीडाबाट मुक्ति मिल्ने विश्वाससमेत व्यक्त गरे ।

मुख्यमन्त्री यादवले भने, ‘शिव र शक्ति दिव्य मिलनको पनि दिन भएकोले यो दिन विशेष दिन मानिन्छ ।

महाशिवरात्रिमा शिवको आराधनाबाट सबै दुख, पीडाबाट मुक्ति मिल्ने विश्वास छ । यस अवसरमा म सम्पूर्ण प्रदेश र देशवासीहरुमा खुशी, शान्ति र समृद्धिको कामना गर्दछु ।’


## गौशाला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी

मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का बन्दोवस्तका लागि सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना

दोश्रो पटक प्रकाशित मिति २०८०/११/२१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ र (६४), गौशाला नगरपालिकाको आर्थिक ऐन, २०८० र गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम तपसिलमा उल्लिखित पोखरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा व्यक्तिहरुले बोलपत्र पुस्तिकामा उल्लेखित शर्तहरुको अधिनमा रहि बोलपत्र प्रक्रिया सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | सुचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम | बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | GAU/SQ/INCOME/ 1-2080/081 | साबिक ३ नं. वडा आधार भुत विद्यालय नजिकको पोखरी (वडा नं.-९) | ८,१३,७५०।- | २०८०।११।२७ कार्यालय समय भित्र | २०८०।११।२९ दिउँसो २:०० | कुल कबोल अंकको ५% हुन आउने रकम | १०००।- |
| २ | GAU/SQ/INCOME/ 3-2080/081 | पुरानो बजार पोखरी, कान्तिबजार (वडा नं. १२) | २,०२,५००।- | २०८०।११।२७ कार्यालय समय भित्र | २०८०।११।२९ दिउँसो ०२:०० | कुल कबोल अंकको ५% हुन आउने रकम | १०००।- |
| ३ | GAU/SQ/INCOME/ 4-2080/081 | बडेर्वा पोखरी (वडा नं. १०) | २,८१,०७०।- | २०८०।११।२७ कार्यालय समय भित्र | २०८०।११।२९ दिउँसो ०२:०० | कुल कबोल अंकको ५% हुन आउने रकम | १०००।- |

**बोलपत्र दर्ता गर्नुपर्ने अन्तिम मिति** : २०८०/११/२९

**समय** : दिउँसो १२:०० भित्र

**स्थान** : गौशाला नगरपालिकाको कार्यालय

उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

थप जानकारीको लागि गौशाला नगरपालिकाको, कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथुन | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महाशिवरात्रीको अवसरमा पशुपतिनाथ दर्शनका लागि आएका साधुसन्तहरू। *तस्विर : चन्द्रकला क्षेत्री रासस*

# सरकारलाई प्रभावकारी बनाउन जोखिम उठाएरै समीकरण परिवर्तन गरेँ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारका कामलाई प्रभावकारी बनाउन आफूले जोखिम उठाएरै सत्ता समीकरण परिवर्तन गरेको स्पष्ट पार्नुभएको छ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा सांसदहरुले उठाउनुभएको जिज्ञासाको जवाफ तथा पछिल्लो राजनीतिक घटनाक्रमबारे धारणा राख्दै उहाँले कार्यक्षमता प्रमाणित नभए वा देशमा सकारात्मक परिवर्तन ल्याउन र आशा जगाउन नसके पद ओगटिनरहने घोषणा नै गरेको र आफ्नो प्रतिबद्धतामा गठबन्धनका केही घटकबाट अपेक्षित साथ नपाएको बताउनुभयो ।

"म सरकारको गतिसँग असन्तुष्ट छु भनेर मैले पटक-पटक भनिरहेकै हुँ। मसँग दुई विकल्प थिए, औसत र तदर्थ सरकार चलाएर पदको रक्षा गरिरहने कि पदको जोखिम उठाएरै भए पनि आफ्नो राजनीतिक प्रतिबद्धताअनुसार, राष्ट्र निर्माणमा लाग्ने ? मैले दोस्रो विकल्प रोजेँ", प्रधानमन्त्री दाहालले भन्नुभयो । कसैलाई आफ्नो कदम अस्थिरता र गतिशीलता लागे पनि उक्त कदम देश र जनताको हितमा रहेको बताउनुभयो । आउँदा दिनमा सरकारका काम र परिणामबाट उक्त विषय प्रमाणित हुने उहाँको भनाइ छ।

"सरकारका रूपमा हामीले विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल नगरेका होइनौँ तर म तीव्रता चाहन्थेँ । औसत उपलब्धिको आत्मप्रशंसाको पिँजडामा अटाउने अवस्थामा म थिइँन र छैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "साथीहरूले व्यक्तिका रूपमा त मलाई माया गर्नुभयो तर परिवर्तन, सुशासन र समृद्धिको तीव्र आकांक्षा बोकेको प्रधानमन्त्रीका रूपमा मलाई न्याय गर्नुभएन।"

प्रधानमन्त्री दाहालले सम्बोधनको सम्पादित अंशः

माननीय सांसदहरूले यही फागुन ६ देखि १८ गतेसम्मका छलफलमा केही विषयमा सरकारको धारणा माग गर्नुभएको थियो र त्यसमा सम्माननीय सभामुखबाट जवाफका लागि प्रधानमन्त्रीलाई रुलिङ गरिएको थियो । म आज माननीय सांसदहरूले उठाउनुभएका विषयको जवाफसँगै पछिल्लो राजनीतिक घटनाक्रमबारे आफ्नो धारणा राख्दैछु।

सुरू माननीयज्यूका प्रश्नको जवाफबाट गरौँ । राजनीतिक समीकरणमा परिवर्तन र सरकारको पुनर्गठनसँगै माननीय सांसदका केही प्रश्नले जवाफ पाइसकेका छन्। उदाहरणका लागि बालकुमारी घटनामा दोषी देखिएका भनिएका तत्कालीन मन्त्रीको विषय सरकारको पुनर्गठनसँगै असान्दर्भिक भएको छ । सरकार सम्मानित संसद् प्रति उत्तरदायी नभएको केही माननीयको आरोप अलि अन्यायपूर्ण भयो भन्ने मेरो गुनासो छ । माननीय सांसदहरूसँग नियमित सवालजवाफको कार्यतालिका नै बनाएर सुरू गरिएको 'प्रधानमन्त्रीसँग सांसद' अभ्यास सम्मानित सदनमै पहिलोपटक हो । त्यस्तो अभ्यास सुरू गर्ने सरकार र प्रधानमन्त्रीलाई नै संसद्प्रति अनुत्तरदायी ठान्नु पक्कै न्यायपूर्ण हुँदैन । यो अभ्यासमा मैले केबल औपचारिकता पूरा गरेको छैन, हरेक सांसदका हरेक प्रश्नको विस्तृत जवाफ दिने प्रयास गरेको छु। म आगामी दिनमा संसद्सँग अझ धेरै अन्तर्क्रिया र जवाफदेहिताको विश्वास दिलाउँछु । संसद्का दुवै सदन अनि संसदीय समितिका बैठकमा सरकारको नियमित उपस्थिति रहिआएको छ र रहिरहनेछ।

सांसदले मिटरब्याजपीडित जनताका समस्यामा सरकारको ध्यानाकर्षण गर्नुभएको छ । यो समस्यालाई बेलैमा बुझेर गत वर्षको चैत २० गते नै सरकारले अधिकारसम्पन्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको सम्मानित सदनलाई जानकारी नै छ । आयोगको आठ महिने कार्यकालमा देशभर करिब २७ हजार उजुरी सङ्कलन भएमध्ये पाँच हजारभन्दा बढी फछ्र्योट भएका छन् भने बाँकीका हकमा समाधान खोज्न गत माघ ३ गतेको मन्त्रिपरिषद् बैठकबाट नयाँ कार्यविधि स्वीकृत गरिएको छ। यसका साथै फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन गरी मिटरब्याजको अनुचित लेनदेनलाई फौजदारी र सरकारवादी कसुरका रूपमा कारबाही अघि बढाउने व्यवस्था गरिएको छ। यही १६ फागुनसम्म दुई हजार नौ सय ९४ वटा उजुरी आपसी मेलमिलापबाट फछ्र्योट भएका छन् ।

जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षको छलफलबाट मेलमिलाप गराउने र मेलमिलाप हुन नसके प्राप्त प्रमाणका आधारमा अदालतमा मुद्दा दर्ता गर्ने अहिलेको प्रयासबाट अब केही समयमै सबै उजुरी फछ्र्योट भइसक्नेछन्। मिटरब्याजका लेनदेनलाई एकमुष्ट रूपमा बदर गर्नुपर्ने मागसहित सङ्घर्षमा रहेका नागरिक समूहसँग संवाद र समस्या समाधानका लागि गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन भएको छ। सङ्घर्षरत पक्षसँग अहिले भइरहेको वार्ता छिट्टै तार्किक निष्कर्षमा पुग्ने मेरो विश्वास छ।

सहकारीसँग जोडिएका समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्यको संयोजकत्वमा गठित कार्यदलले दिएका सुझाव कार्यान्वयन भइरहेका छन् । बचत तथा ऋणको मुख्य कारोबार गर्ने कुनै पनि प्रकृतिको सहकारी सङ्घ, प्रदेश र स्थानीय तहबाट दर्ता, कार्यक्षेत्र विस्तार र सेवा केन्द्रको स्वीकृतिमा रोक लगाइएको छ। वित्तीय सहकारी संस्थाको नियमनका लागि दोस्रो तहको नियामक निकाय बनाउने कानुनको मस्यौदा अन्तिम चरणमा पुगेको छ।

सहकारी सङ्घ संस्थाको सम्पत्ति र दायित्वलगायतको वित्तीय अवस्था देखिने श्वेतपत्र जारी गर्ने, सहकारीका सञ्चालक, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी तथा व्यवस्थापकको सम्पत्ति विवरण पेस गर्ने र आगामी चैत मसान्तसम्म माग भएबमोजिमको बचत फिर्ता गर्ने गरी बचत फिर्ता कार्ययोजना विभागमा पेस गर्ने व्यवस्थाका लागि निर्देशन भइसकेको छ। सहकारी बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधीकरण र सहकारी कर्जा सूचना केन्द्रलगायत संस्थागत संरचना स्थापना र सञ्चालनका लागि आवश्यक गृहकार्य भइरहेको छ।

कार्य विस्तृतीकरण प्रतिवेदन संशोधनका लागि प्रस्ताव गरिएको छ । ठूला कारोबार गर्ने समस्याउन्मुख सहकारी संस्थाको पहिचान गरी नेपाल राष्ट्र बैंकको समेत सहभागितामा सघन अनुगमन कार्य प्रारम्भ गरिएको छ। हालसम्म १८ वटा सहकारी संस्थालाई सहकारी ऐन, २०७४ बमोजिम समस्याग्रस्त सहकारी संस्था घोषणा गरी सम्पत्ति र दायित्व फरफारक गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा पठाइएको छ। समस्याग्रस्त घोषणा गरिएका र समस्याउन्मुख देखिएका सहकारीका सञ्चालक र व्यवस्थापक एवं सम्बन्धित पदाधिकारीबाट नागरिकको बचत रकम अपचलन र आर्थिक अनियमिततामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट समेत अनुसन्धान भइरहेको छ।

प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट दिइएको निर्देशनविपरीत कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई छानबिन गरी कारबाहीको दायरामा ल्याउने कार्य सुरु भइसकेको छ । लघुवित्त वित्तीय संस्थाले आवश्यकता र औचित्यको आधारमा एक पटकका लागि असुल हुन बाँकी ब्याजको कम्तीमा पाँच प्रतिशत रकम असुल गरी २०८० चैत मसान्तसम्म कर्जाको पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न सक्ने र त्यस्तो कर्जालाई सक्रिय कर्जामा वर्गीकरण गर्ने व्यवस्था गरिएको छ। तोकेभन्दा बढी लिइएको सेवा शुल्क फिर्ता गरी सम्बन्धित ऋणीको खातामा जम्मा गर्न दिएको निर्देशन कार्यान्वयन भइरहेको छ। गुनासो सुनुवाइ र त्यसको समाधानका लागि लघुवित्त संस्था सुपरीवेक्षण विभागमा बेग्लै डेस्कको ब्यवस्था गरिएको छ।

दुग्ध किसानको भुक्तानी सहज बनाउन सरकार, सम्बन्धित उद्योगी-व्यवसायी र किसान सङ्गठनबीच वार्ता गराई किसानले पाउनुपर्ने पुस मसान्तसम्मको वक्यौता आगामी चैत २१ गतेभित्र भुक्तानी गरिसक्ने र अन्य नियमित भुक्तानी जारी राख्ने सहमति भएको छ।

लुम्बिनी अन्तर्राष्ट्रिय सम्मेलनमा दलाई लामा सहभागी हुने चर्चा सत्य थिएन । त्यसमाथि त्यो सम्मेलन स्थगित भइसकेको छ । कपिलवस्तुको रामग्रामको जग्गा लिज सम्बन्धमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले दिएको निर्देशन लुम्बिनी विकास कोषको कार्यकारिणी समितिले कार्यान्वयन गरिसकेको छ।

रुसी सेनामा नेपालीको भर्ती अवैध भएको जानकारी रूसी सरकारलाई गराइसकिएको छ। रूसी सेनामा नेपाली नागरिकलाई भर्ना नगर्न र भर्ना भएकालाई नेपाल फिर्ता गर्न कूटनीतिक दबाब बढाइएको छ । रूसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकको शव स्वदेश फिर्ता ल्याउने, मृतकका परिवार तथा घाइतेलाई क्षतिपूर्ति उपलब्ध गराउने, अनि युक्रेनी सेनाले बन्धक बनाएका नेपाली नागरिकलाई स्वदेश फिर्ता गर्ने सम्बन्धमा सम्बन्धित देशका अधिकारीहरूसँग विभिन्न तहमा कुराकानी भइरहेको छ।

पछिल्लो समयमा क्षतिपूर्ति र बीमा रकम नेपाली राजदूतावासको खातामा जम्मा गरी कन्सुलर सेवा विभागमार्फत पीडित परिवारलाई उपलब्ध गराउन रूस सरकार सहमत भएको छ। अध्ययन छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्नबाहेकका नागरिकले रूस यात्रा गर्नु परे ' नो अब्जेक्सन लेटर' अनिवार्य गरिएको छ।

पछिल्ला राजनीतिक घटनाक्रम, विशेष गरी सत्ता-समीकरणमा भएको फेरबदल र त्यसमा मेरो पक्षबारे संसद्लाई पक्कै जिज्ञासा छ। नेपाली कांग्रेसले सरकारमाथिको विश्वासको मत फिर्ता लिइसकेकाले मैले फेरि विश्वासको मतका लागि सदनमा विस्तृतमा आफ्नो पक्ष राख्न बाँकी नै छ तैपनि यसको तरङ्ग र प्रभाव अलि व्यापक भएकाले संक्षेपमा आफ्नो धारणा राख्न चाहन्छु।

यो सम्मानित संसद्लाई इमानपूर्वक भन्नुपर्छ, अघिल्लो सत्ता-गठबन्धनमा व्यक्ति पुष्पकमल दाहाल ' प्रचण्ड'का रूपमा म कुनै समस्या या अप्ठ्यारोमा थिइनँ, न प्रधानमन्त्री पद नै असुरक्षित थियो । नेपाली कांग्रेसको नेतृत्व र मबीच व्यक्तिगत अविश्वास पनि केही थिएन । टिकिरहनु मात्रैलाई स्थायित्व मान्ने हो भने त्यो स्थायित्वको समस्या पनि थिएन। यो करिब ११ महिना लामो पछिल्लो साथ र सहकार्यप्रति म विशेषतः नेपाली कांग्रेसका सभापति माननीय शेरबहादुर देउवा र साथीप्रति आभारी छु। अहिले पनि हाम्रो निजी सम्बन्धमा कम्तीमा मेरा तर्फबाट उति नै सद्भाव छ । तर, राजनीतिमा व्यक्तिगत सम्बन्धभन्दा राजनीतिक परिणाम निर्णायक हुँदा रहेछन् । अघिल्लो गठबन्धनमा पनि त्यही भयो।

निर्वाचनमा नेकपा (माओवादी केन्द्र) ले जुन तहमा कांग्रेसलाई सघायो, त्यही तहमा आफूले सहयोग पाएन । त्यसले आपसी विश्वास कमजोर बनाएकै थियो, निर्वाचनपछि माओवादीलाई सरकारको नेतृत्व दिने सहमतिबाट पनि नेतृत्व पछि हट्यो। एउटा परिस्थितिमा फेरि जोडिएपछि पछि कोसी प्रदेशमा त कांग्रेसको एउटा समूहले विद्रोह नै गर्‍यो । गठबन्धनको नैतिकताको कसीमा त्यो ' विद्रोह' दण्डित हुनुपर्ने थियो तर भयो पुरस्कृत। राष्ट्रियसभा निर्वाचनमा त्यो समूहले माओवादी उम्मेदवारलाई अन्तरघातबाट पराजित नै गर्‍यो।

यता कांग्रेस महासमिति बैठकमा बिनासन्दर्भ त्यही गठबन्धनको निन्दा सुरू भयो जुन गठबन्धनले कांग्रेसलाई पहिलो पार्टी बनाएको थियो । निर्वाचन आउन चार वर्ष बाँकी छँदै गठबन्धनका साझेदारमाथि अनावश्यक र बेसमयको मानमर्दन कतैबाट पनि विवेकपूर्ण र राजनीतिक थिएन । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको अनि समावेशी, धर्मनिरपेक्ष र समाजवादोन्मुख संविधान निर्माणको मुख्य साझेदार रहेको नेपाली कांग्रेसको महासमिति बैठकमा 'स्टल' नै राखेर जसरी धर्मका नाममा हस्ताक्षर अभियान चलाइयो, त्यसले कांग्रेसको संविधानप्रतिको प्रतिबद्धतामै आशङ्का जनाउन सक्ने जमिन तयार गर्‍यो।

महासमितिमा पेस गरिएको राजनीतिक प्रतिवेदनमा माओवादी जनयुद्धको न्यूनीकरण मात्र होइन, दानवीकरण नै गरियो र ०४७ सालकै संविधान ठीक भएको आशयको प्रतिवेदन वितरण गरियो । यसरी हामीबीच हिजो मिलिसकेका सैद्धान्तिक र वैचारिक विषयमा समेत शङ्का र अविश्वासको वातावरण बन्यो।

सरकारका रूपमा हामीले विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल नगरेका होइनौँ तर म तीव्रता चाहन्थेँ। औसत उपलब्धिको आत्मप्रशंसाको पिँजडामा अटाउने अवस्थामा म थिइँन र छैन । मैले यही सम्मानित संसद्मा विश्वासको मत माग्दै गर्दा यही रोष्टमबाट भनेको थिएँ, तेश्रो पटक म प्रधानमन्त्रीमा नाम लेखाउन वा सिंहदरबारमा अर्को कार्यकालको फोटो झुण्ड्याउन यहाँ उभिएको छैन। एकवर्ष कार्यकाल पुरा भएपछिको सम्बोधनमा त मैले कार्यक्षमता प्रमाणित नभए वा देशमा सकारात्मक परिवर्तन ल्याउन र आशा जगाउन नसके पद ओगटिनरहने घोषणा नै गरेको थिएँ । मेरो यो तहको प्रतिबद्धतामा गठबन्धनका केही घटकबाट मैले अपेक्षित साथ पाइनँ। म सङ्केतमा केवल यत्ति भन्छु, साथीहरूले व्यक्तिका रूपमा त मलाई माया गर्नुभयो तर परिवर्तन, सुशासन र समृद्धिको तीव्र आकांक्षा बोकेको प्रधानमन्त्रीका रूपमा मलाई न्याय गर्नुभएन।

सरकारको गतिसँग असन्तुष्ट छु भनेर मैले पटकपटक भनिरहेकै हुँ। मसँग दुई विकल्प थिए, औसत र तदर्थ सरकार चलाएर पदको रक्षा गरिरहने कि पदको जोखिम उठाएरै भए पनि आफ्नो राजनीतिक प्रतिबद्धताअनुसार, राष्ट्रनिर्माणमा लाग्ने ? मैले दोस्रो विकल्प रोजेँ । त्यो कति जोखिमपूर्ण थियो र छ, पछिल्ला दुई दिनका घटनाक्रमले देखाइरहेका छन्। अब यो कति परिणामुखी हुन्छ, त्यो पनि विश्वासको मत लिने बेलासम्म प्रारम्भिक रूपमा प्रमाणित भइसक्ने मेरो विश्वास छ। कसैलाई मेरो कदम अस्थिरता लाग्न सक्छ, कसैलाई गतिशीलता तर यसको केन्द्रमा म छैन, मेरो पद छैन, देश र जनताको हित छ। आउँदा दिनमा सरकारका काम र परिणामबाट म त्यो प्रमाणित गर्न प्रतिबद्ध छु।रासस

# चिनियाँलाई नागरिकता दिलाएको आरोपमा अधिकृत पक्राउ

टुडे समाचारदाता



मनहरी । सुन तस्करीमा संलग्न रहेको आरोपमा पक्राउ परेका दुई चिनियाँ नागरिकलाई नेपाली नागरिकता दिलाएको आरोपमा एक अधिकृत पक्राउ परेका छन्।

बागमती प्रदेशसभा सचिवालयमा अधिकृत छैटौं तहमा कार्यरत रामचन्द्र अर्याललाई विहिबार प्रहरीले हेटौँडाबाट पक्राउ गरेको हो। अर्याल यातायात कार्यालय काठमाडौँ ठूलो भऱ्याङबाट सरुवा भएर अर्याल बागमती प्रदेशसभा सचिवालयमा आएका थिए । जिल्ला प्रहरी कार्यालय काभ्रेको अनुरोधमा अर्याललाई बुधवार प्रदेशसभा सचिवालयबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख सीताराम रिजालले जानकारी दिए। अर्याललाई काभ्रे जिल्ला प्रहरी कार्यालय पठाइएको रिजालले बताए। अर्यालमाथि काभ्रे जिल्ला प्रशासनमा रहँदा सुन तस्करीमा संलग्न चिनियाँ नागरिकलाई नेपाली नागरिकता दिलाउन सहयोग पुऱ्याएको आरोप छ । अर्यालसहितका कर्मचारीमार्फत काभ्रे प्रशासनले सुन तस्करलाई वंशजका आधारमा नागरिकता दिएको प्रहरी अनुसन्धानबाट खुलेको थियो । चिनियाँ नागरिकलाई नागरिकता दिलाउँदा अर्याल नायव सुब्बाको रुपमा कार्यरत थिए।उक्त घटनामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान गरिरहेको छ। काभ्रे प्रशासनबाट २०७४ पुस २० मा तिब्बती मूलका बेल्जियन नागरिक दावा छिरिङ र चिनियाँ नागरिक दावाजिन वाङलाई वंशजका आधारमा नागरिकता जारी भएको थियो। छिरिङ र वाङको नागरिकता विवरण नासु अर्याललले नै कम्प्युटर प्रणालीमा प्रविष्ट गराएको प्रहरी अनुसन्धानबाट खुलेको थियो। अर्याल २०७५ सम्म काभ्रे प्रशासनमा कार्यरत थिए।

दावाले निमा तामाङका नाममा र वाङले पासाङ तामाङका नाममा नागरिकता लिएको अनुसन्धानबाट खुलेको थियो। नागरिकता सनाखत गराउने रामचन्द्र अर्याल र जारी गर्नेमा झपेन्द्रराज खरेल रहेको आधारमा उनीहरुमाथि अनुसन्धान भइरहेको हो।उपसचिव कृष्णबहादुर कटुवाल संयोजकत्वको गृह मन्त्रालयको छानबिन समितिले दुई चिनियाँलाई नेपाली नागरिकता दिलाएको पुष्टि गर्दै तत्कालीन अधिकृत खरेल र नासु अर्याललाई कारबाही सिफारिस गरिएको थियो।

# नवनिर्वाचित राष्ट्रियसभा सदस्यलाई सभाको गरिमा कायम राख्न सुझाव

टुडे समाचारदाता



काठमाण्डु । राष्ट्रियसभा सदस्यहरुले सभाका नवनिर्वाचित सदस्यलाई सत्तापक्ष र प्रतिपक्षभन्दा माथि उठेर सभाको गरिमा राख्न सुझाव दिएका छन्।

विहिबार बसेको सभाको बैठकमा नवनिर्वाचित सदस्यहरुलाई शुभकामना दिँदै सांसद देवेन्द्र दाहालले प्रतिपक्ष र सत्तापक्ष नभनी सभाको गरिमा उच्च राख्नुपर्ने विषयप्रति सचेत रहन आग्रह दिए । राष्ट्रियसभा प्रतिनिधिसभाको छाया बन्न नहुने उनको धारणा थियो।

"गठबन्धनहरु फेरिरहन्छन् । तर यो स्थिर र स्थायी सभा हो। यो सभाले खेल्ने भूमिका बेग्लै हुन्छ। कहिलेकाही हामी पार्टीभन्दा माथि उठेर आफ्नो भूमिका निर्वाह गर्न सक्नुपर्छ", उनले भने।

सांसद गोपीबहादुर सार्की अछामीले नवनिर्वाचित सदस्यलाई सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दै सभाले स्थापित गरेका मान्यताका साथ अघि बढ्नुपर्नेमा जोड दिए। उनले राष्ट्रियसभा समयमै चल्छ भन्ने मान्यता स्थापित भएको बताए। सांसद अछामीले सभाका सबै सदस्यले साझा सहमतिको संस्कार विकास गरेको धारणा राखे।

सांसद कमलादेवी पन्तले पनि राष्ट्रियसभाको गरिमा कायम राख्न सांसदहरुलाई सुझाव दिए । उनले संविधानको पूर्ण कार्यान्वयनको सन्दर्भमा आवश्यक कानुन निर्माण नभएकोप्रति पनि ध्यानार्कषण गराए । विधायिकालाई विश्राम गर्ने छुट नभएको उनको भनाइ थियो । "स्थायी व्यवस्थापकीय अङ्गका रुपमा स्थापित सभाले निर्वाह गर्ने भूमिका कायम राख्ने गरिमा र ओजलाई गहिरो नजरमा हेरिएको छ", उनले भने, "त्यसैले पनि हामी जनताको विशेष निगरानीभित्र छौँ।"

सांसद बेदुराम भुसालले पुनर्गठित मन्त्रिपरिषद्लाई मुलुकको प्रगतिको दिशामा अघि बढाउनु शुभकामना दिए। उनले मुलुकको अर्थतन्त्रमा देखिएको समस्याबारे सरकारको ध्यानार्कषण गराए।

"सत्ता समीकरण बदलिएको छ । पटक-पटक समीकरण परिवर्तन हुँदा मुलुकले अस्थिरता भोग्नु परेको गुनासो छ", उनले भने, "पुनर्गठित मन्त्रिपरिषद्लाई मुलुकमा देखिएका चुनौतिको सामना गर्दै अघि बढ्नका लागि म शुभकामना दिन चाहन्छु।"

सांसद मोहमद खालिदले राष्ट्रियसभा सदस्यको भूमिका स्मरण गराउँदै जनसरोकारका विषयमा एकजुट र साझा मत कायम गर्नुपर्ने धारणा व्यक्त गरे । "हामी संविधानका रक्षक पनि हौँ र मुलुक र जनताको हितका लागि कानुन निर्माणसँगै सरकारको निगरानीका लागि यहाँ छौँ", उनले भने, "पिछडिएका समुदाय र वर्गका लागि यस सदनमार्फत आवाज उठाउने प्रतिबद्धताका लागि आग्रह गर्दछु।"

सांसद तुलप्रसाद विश्वकर्माले परिवर्तित सत्तासमीकरणप्रति असन्तुष्टि व्यक्त गरे । सांसद शेखरकुमार सिंहले जनताको विश्वासलाई कायम राख्न सुझाव दिए।

बैठकमा नवनिर्वाचित सदस्य आनन्दप्रसाद ढुङ्गानाले सभामा आफ्नो पहिलो अनुभव सुनाउदै जनताको अपेक्षाअनुसार काम गर्ने विश्वास व्यक्त गरे । नवचिर्वाचित सदस्यहरु किरणबाबु श्रेष्ठ, कृष्णबहादुर रोकाया, घनश्याम रिजाल, झक्कुप्रसाद सुवेदी, पदमबहादुर परियार र पुजा चौधरीलगायतले सभाको गरिमा कायम राख्ने प्रतिबद्धता जनाए।

# 'समस्या र चुनौतीलाई सम्बोधन गर्न दलहरु गम्भीर हुनुपर्ने'

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका सांसद प्रकाश अधिकारीले मुलुकको समस्या र चुनौतीलाई सम्बोधन गर्न दलहरु गम्भीर हुनुपर्ने बताएका छन्।

प्रतिनिधिसभाको विहिबारको बैठकमा उहाँले अर्थतन्त्र, सामाजिक न्याय, दैनिक जनजीवनमा देखिएका चुनौतीलाई सामना गर्न सबै दल एकताबद्ध हुनुपर्ने बताए।

"सबैको सकारात्मक र रचनात्मक सहयोग भए मात्रै मुलुकमा विद्यमान चुनौती समाधान गर्न सकिन्छ", सांसद अधिकारीले भने, "सरकारमा हुँदा वा प्रतिक्षमा हुँदा जनतालाई केन्द्रमा राख्नुपर्छ, विद्यमान राजनीतिक अस्थिरतालाई समाधान गरेर अघि बढ्नुपर्छ।"


नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद मेटमणि चौधरीले मुलुकलाई राजनीतिक स्थायित्व दिन दलहरु एकजुट हुनुपर्ने बताए।

जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतले आफ्नो पार्टी प्रतिपक्षमा रहेपनि रचनात्मक भूमिका निर्वाह गर्ने बताए।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले मिटरव्याज पीडित, लघुवित्त पीडित तथा किसानका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले सरकारमा रहे मात्रै संविधानको रक्षा र गणतन्त्रको सुदृढीकरण हुने ठान्नु तथा सरकारबाट बाहिर बस्नु परे अस्थिरता र अन्योल देख्नु गलत भएको टिप्पणी गरे।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले स्वार्थ बाझिएका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको जिम्मेवारी दिँदा जनताले न्याय नपाउने बताए।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### उपेक्षामा मधेश

नेकपा माओवादीका अध्यक्ष समेत रहेका पुष्पकमल दाहाल प्रचण्डले नयाँ गठबन्धन बनाएर पूनर्गठन गरेको मन्त्रिपरिषदमा मधेशलाई पूर्ण रुपमा उपेक्षा गरिएको छ ।नेकपा एमालेले पाएको ८ मन्त्रालय मध्ये मधेशबाट राजनीति गर्ने सचिव रघुबीर महासेठ र केन्द्रिय सदस्य ज्वाला साहलाई सरकारमा पठाएको छ ।एमालेले सरकारमा पार्टीको तर्फबाट नेतृत्व गर्ने जिम्मेवारीपनि महासेठलाई दिएको छ ।उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पाएका महासेठ सरकारको वरियतामा दोस्रो छन् ।प्रधानमन्त्री प्रचण्डपछि महासेठ नै रहेका छन् ।उनी यस अघिपनि उपप्रधानमन्त्री भइसकेका हुन् ।ज्वाला साहपनि तेस्रो पटक मन्त्री बनेकी छन् ।उनी दोस्रो पटक कृषि तथा पशुपंक्षी मन्त्रालयको जिम्मेवारी सम्हालेकी छन् ।एमाले बाहेकका सत्ता साझेदार माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले मधेशी अनुहारलाई सरकारमा स्थानी दिएको छैन् ।नेकपा एसले पाएको २ वटा मन्त्रालय मध्ये कुनैमा मधेशीलाई पठाएको छैन् ।माओवादीले पाएको ५ मन्त्रालय मध्ये तीन जनालाई निरन्तरता दिएको छ ।थपिएका नयाँ दुई अनुहारमापनि मधेशी छैनन् ।रास्वपामा त मधेशी हुने विषय नै भएन् ।प्रदेशको संरचनालाई पूर्णतःअस्वीकार गरेको रास्वपाले ४ मन्त्रालय मध्ये कुनैमापनि मधेशीलाई ठाउँ दिएको छैन् ।वर्तमान सत्ता गठबन्धनको प्रमुख साझेदार मध्येका जनता समाजवादी पार्टी (जसपा)सरकारमा गएपनि बढीमा एकजना मधेशीलाई समावेश गर्न सक्ने छ ।तर सरकारमा जाने विषयमा पार्टीमा किचलो भएपछि अध्यक्ष उपेन्द्र यादव सरकारमा जाने निर्णयबाट तत्कालका लागि पछि हटेका हुन् ।सरकारलाई जातिय, भुगोल, भाषा लगायतका आधारमा सन्तुलन मिलाउनु पर्ने हो ।तर देशको आधी जनसंख्या भएको मधेशसित सरकार गठन प्रकृयामा विभेद भएको छ ।मधेशलाई माओवादी, एमाले, रास्वपा र एसले उपेक्षा गरेका छन् ।यसै महिना प्रधानमन्त्री प्रचण्डले धनुषा जिल्लाको पूर्वी भेगमा भाषणगर्दा तराईबाट चुनाव जितेको, भूमीगत भएर आश्रय लिएको बताउँदै मधेश विकासका लागि तत्पर रहने बताएका थिए ।तर उनले पाँच मन्त्री मध्ये एकजनापनि मधेशीलाई राखेका छैनन् ।माधव नेपालको संगठन सर्वाधिक बलियो मधेशमै छ ।उनी स्वयंपनि मधेश प्रदेशको रौतहट जिल्लाबाट चुनाव जितेका हुन् ।तर दुई मन्त्रालय पाएर सरकारमा जाँदा एकजना मधेशीलाई पनि सम्झेनन् ।एमाले त मधेश बिरोधी दलकै रुपमा परिचित छन् ।तर मधेश प्रदेशका दुई जनालाई सरकारको महत्वपूर्ण जिम्मेवारीमा राखेर सत्ता गठबन्धनको नाक समेत जोगाइदिएको छ ।समग्रमा मधेशलाई उपेक्षा गरिएको छ ।

# सधैं राजनैतिक अस्थिरता
# किन प्राथमिकतामा परेन अर्थतन्त्र ?

- हरि गौतम

वि.सं. २००३ मा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले रक्तपातपूर्ण, अवैधानिक कोत पर्वको माध्यमबाट शासन सत्ता आफ्नो हातमा लिए र १०४ वर्षको राणा शासन स्थापना गरे । भारतमा भएको स्वतन्त्रता संग्रामको प्रभावको साथै नेपाली राष्ट्रियताको भावनाले ओतप्रोत भएर केही नेपाली युवाहरुले वि.सं. १९९० को दशकमा सङ्गठित रुपमा राणा शासनको विरुद्ध आन्दोलन शुरु गरे र १९९७ सालमा ४ जना क्रान्ति योद्धाहरुलाई श्री ३ जुद्ध शम्शरले मृत्यदण्डको सजाय, सयौं नेताहरुलाई आजन्म कारावास सहितको कठोर दण्ड दिए । यतिकै आन्दोलन रोकिएन, वि.सं. २००३ सालमा बी.पी. कोइरालाको नेतृत्वमा स्थापना भएको नेपाली राष्ट्रिय काँग्रेस र वि.सं. २००५ सालमा सुवर्ण शम्शेरको नेतृत्वमा स्थापना भएको नेपाल प्रजातान्त्रिक काँग्रेस एकीकरण भई नेपाली काँग्रेस बन्यो र यसले २००७ साल आश्विनमा भारतको बैरगनियामा भएको अधिवेशनले नेपालमा प्रजातन्त्र स्थापनाको लागि सशस्त्र आन्दोलन गर्ने निर्णय गरे अनुरुप भएको आन्दोलनले २००७ साल फाल्गुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना भयो । २००७ साल फाल्गुन ७ गते नेपालको लागि एक युगमा आएको एक ऐतिहासिक दिन थियो । युरोपमा चौधौ-सत्रौ शताब्दीलाई पुरानो ज्ञान, दर्शन, कला, साहित्यको पुनः खोज सहित पुनर्जागरणको युग आए जस्तै यो क्रान्तिले नेपाली समाजमा आधुनिकताको ढोका खोल्न सफल भयो । फ्रान्सको राज्य क्रान्ति, अमेरिकी स्वतन्त्रता संग्राम र भारतको स्वतन्त्रता संग्राम जस्तै यो क्रान्तिले सम्पूर्ण नेपाली समाज उद्वेलीत गऱ्यो । २००७ साल फाल्गुन ७ गते श्री ५ त्रिभुवनबाट भएको शाही घोषणामा “हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरुले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले सो विधान तयार नभएसम्म एक वैधानिक सभाले अहिले हामीलाई हाम्रो कार्य सम्पादन गर्नमा मद्दत र सल्लाह दिन निमित्त दुनियाको विश्वास भएका दुनियाका प्रतिनिधिहरु समेत सम्मिलित भएको एक मन्त्रिमण्डलको गठन होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले भनि घोषणा भयो ।

२००७ सालको क्रान्ति मूलतः कोतपर्वबाट प्रारम्भ भएको जहानिया राणा शासनको अन्त गरेर नेपालमा प्रजातात्रिक शासन व्यवस्था स्थापना गर्ने उद्देश्यले भएको थियो । तर २००७ सालको क्रान्ति पछि पनि नेपालमा अस्थिरता कायम भयो । श्री ५ त्रिभुवनको शाही घोषणा अनुसार संविधान सभाको निर्वाचन भएन । यो क्रान्ति राणा शासन विस्थापित गरी पुनः श्री ५ को निरंकुश शासन स्थापना गर्न भएको थिएन । तर २००७ सालको घटना पछिको अवस्था अध्ययन गर्दा श्री ५ त्रिभुवन सहित युवराज महेन्द्र आफ्नो वि.सं. २००३ सालभन्दा पहिलेको सत्ता फर्काउन अथवा निरंकुश राजा हुन विस्तारै महत्वाकांक्षा बढाउँदै लगेका थिए । यो क्रान्तिमा राजा त्रिभुवनको प्रत्यक्ष सहयोग रहेको र प्रजातन्त्रप्रति केही प्रतिबद्धता समेत रहेकोले सोझै निरंकुश हुन आँट नगरेतापनि क्रान्तिको नेतृत्व गरेको नेपाली काँग्रेसभित्र फुट ल्याउने, राज्य शक्तिको स्रोत आफ्नो विशेषाधिकार भन्ने, समयमा संविधानसभाको निर्वाचन नगराउने जस्ता गतिविधिहरु विस्तारै बढाउँदै लगे । पुनः श्री ५ त्रिभुवन २०११ सालमा स्वर्गारोहण भए । उनी पछि राजा श्री ५ महेन्द्र नेपालका राजा भए । उनी एक निरंकुश राजा थिए । प्रजातन्त्र, राजनैतिक दलप्रति उनको विश्वास थिएन । फलतः २०११ सालदेखि २०१५ सालसम्म राजाको निरंकुश शासन गर्ने चाहनाको बीच भइको अस्थिरताले गर्दा मुलुकले अर्थतन्त्रको स्थायी निकासको लागि केही हुन सकेन । चाहे राजा होस् वा राजनैतिक दल सबैको ध्यान अस्थिर राजनीति तर्फ नै गयो ।

२०१६ सालमा भएको आम निर्वाचन नेपाली काँग्रेसले संसदमा २ तिहाई मत प्राप्त गऱ्यो । बी.पी.को चामत्कारिक नेतृत्वमा सरकार गठन भयो । अब मुलुकले अस्थिरता समाप्त भै स्थिरता, सुशासनको माध्यमबाट मुलुक आर्थिक एजेण्डाहरुमा लम्छ भन्ने आशा पलाएको थियो । यसै अनुरुप डेढ वर्षको शासन कालमा नेपाली काँग्रेसको सरकारले दूरगामी आर्थिक सुधार कार्यक्रम सञ्चालन गऱ्यो । बी.पी. कोइराला विश्व समाजवादी आन्दोलनको प्रमुख नेता थिए । संसार भरका समाजवादीहरुले नेपालमा स्थापना भएको समाजवादी सरकारलाई सहयोग गरेर समाजवादी विकासका नयाँ अवधारणा तयार गरी अन्यत्र पनि त्यही लागु गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तर मुलुकको दुर्भाग्य राज्य पुनः राजनैतिक संक्रमण तर्फ नै फर्कियो । राजा महेन्द्रले २०१७ साल १ गते निर्वाचित सरकारका प्रधानमन्त्री सहित मन्त्रीहरु, सभामुख, राजनैतिक दलका नेताहरुलाई थुनामा राखी संसदीय व्यवस्था भङ्ग गरी शासन सत्ता आफ्नो हातमा लिए । फलतः मुलुकमा राजनैतिक अस्थिरता, निरंकुशताको कारणबाट राज्यले अर्थतन्त्रको स्थायी विकासको लागि केही गर्न सकेन । निरंकुश राजाको स्वार्थमा मुलुक सञ्चालन भयो । नेपालको इतिहासमा आफैले दिएको संविधान अनुसार निर्वाचनबाट चुनिएको प्रधानमन्त्रीलाई बिना मुद्दा ८ वर्षसम्म जेल हालियो ।

२०४६ सालमा प्रजातन्त्र स्थापनाको लागि संयुक्त वाममोर्चा सँगको सहकार्यमा नेपाली काँग्रेसले शुरु गरेको आन्दोलन सफल भई निरंकुश राजतन्त्रको अन्त भई दलीय व्यवस्था पुनर्स्थापना भए पछि नेपाली काँग्रेसका सभापति कृष्ण प्रसाद भट्टराईले १ वर्ष भित्रमा प्रजातान्त्रिक संविधान निर्माण गर्नको साथै आम निर्वाचन गराएर राजनैतिक स्थायित्वको शुरुवात गरेका थिए ।

२०४८ सालमा गठित नेपाली काँग्रेसको सरकारले अर्थतन्त्र सुधारको लागि दीर्घकालीन नीति सबै क्षेत्रमा खुला अर्थनीति, विद्युतमा निजी क्षेत्रको प्रवेश, वैदेशिक लगानीलाई प्राथमिकता, निजी क्षेत्रको विकास आदि नीति लिई खुल्ला अर्थतन्त्रमा सरकार प्रवेश गऱ्यो । तर मुलुकको दुर्भाग्य तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि राजनैतिक स्थायित्व कायम गर्न सकेनन् । २०४७ सालको आम निर्वाचनमा नेपाली काँग्रेसले बहुमत त प्राप्त गऱ्यो । तर यसका सभापति, अन्तरिम सरकारका प्रधानमन्त्री संविधान निर्माता एवम् विपरीत राजनैतिक शक्तिसँग समन्वयकारी भूमिका राखी प्रजातान्त्रिक मानयता कायम गर्न सक्ने व्यक्तित्व कृष्ण प्रसाद भट्टराईले चुनाव हार्न पुगे । फलतः प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पार्टी भित्रको सन्तुलन कायम गर्न सकेनन् । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको त उनीप्रति आग्रह छँदै थियो । राजा पनि आफ्नो गुमेको अधिकारसँग सन्तुष्ट थिएनन् । यिनी विविध कारणबाट बहुमतको निर्वाचित सरकार हुँदा हुँदै प्रधानमन्त्रीले संसद विघटन गरी साढे ३ वर्षमैं आम निर्वाचनमा गए । जुन नेपालको आर्थिक विकासमा दुर्भाग्यको दिन भयो । २०५१ सालको निर्वाचनमा कसैको बहुमत आएन । अब थप राजनैतिक अस्थिरता कायम भयो र यसै अस्थिरताको क्रममा २०५२ साल फाल्गुन १ गते माओवादीले सशस्त्र द्वन्दको घोषणा गरे पछि त मुलुक आजसम्म राजनैति संक्रमणको गोल चक्करमा परेको नै छ । माओवादी सशस्त्र द्वन्द पछि सरकारको प्राथमिकता शान्ति सुरक्षा गयो । राज्यको सम्पूर्ण स्रोत एवम् साधन शान्ति सुरक्षा, हतियार र बारुदमा खर्च भयो । माओवादीको हिंसात्मक ध्वंसले गर्दा धेरै विकास आयोजना, प्रहरी चौकी ध्वंश भए । औद्योगिक प्रतिष्ठानहरु माथि आक्रमण भयो । सबैभन्दा महत्वपूर्ण जल विद्युतका कुनै पनि योजना बन्न सकेनन् र त्यसको असर मुलुकमा १८ घण्टासम्म लोडसेडिङ्ग भयो । चरम राजनैतिक संक्रमण काल र अस्थिरताले गर्दा एक दशक सम्म मुलुक आर्थिक विकाशको प्राथमिकतामा परेन । वि.सं. २०६३ सालमा भएको जनआन्दोलन एक अभूतपूर्व शान्तिपूर्ण आन्दोलन भयो ।

जनआन्दोलनको सफलता पछि स्थापित सङ्घीय गणतन्त्रमा पनि सधैं राजनीति नै प्राथमिकतामा पऱ्यो । माओादी द्वन्द समाधान गर्न भएको खर्च, शिविरमा रहेका लडाकुको भरण पोषण, बढ्दो चालु खर्च, विकास बजेटमा कमी, २-२ पटकको जम्बो संविधान सभाको निर्वाचन, संविधान निर्माण, मधेश आन्दोलन आदि विषयले गर्दा सरकारको प्राथमिकता दिगो आर्थिक विकास, योजनाबद्ध विकास, सुशासन, भ्रष्टाचारको अन्त्य आदि कुनै पनि कुरामा परेन । समाज अत्यन्त नै दलीयकरण भयो, राजनैतिक स्वार्थ सधैं हावी भयो । यस्तै अवस्थामा २०७४ मा भएको संसदीय निर्वाचन पछि नेकपाले झण्डै २ तिहाई बहुमत प्राप्त गरे पछि अब मुलुकले आर्थिक मुद्दामा प्राथमिकता पाउने आशा पलाएको थियो । एकै दलको अत्यधिक बहुमत प्राप्त निर्वाचित सरकार ५ वर्षसम्म दिगो आर्थिक विकास गर्न कुनै बाधा थिएन । तर त्यसो भएन । सरकार भ्रष्टाचारमा लिप्त भयो । संस्थागत भ्रष्टाचार, नीतिगत भ्रष्टाचारका नयाँ नयाँ काण्डहरु शुरु भए । विकास खर्चको सट्टा चालु खर्च अत्यधिक बढ्यो । वैदेशिक ऋण तथा सहायता अनुत्पादनशील क्षेत्रमा लिइयो । राष्ट्रको ऋण बढ्यो तर त्यस अनुसार प्रतिफल आएन र अन्ततः पार्टी भित्रको आन्तरिक कलहले यो सरकार पनि साढे तीन वर्षभन्दा बढी चलेन । पुनः अर्को अस्थिरताको दौड शुरु भयो । मुलुकमा सुशासनको कमी रह्यो ।

२०७९ सालमा भएको संसदीय निर्वाचन पछि देशमा आर्थिक संकट देखा पर्न थाल्यो । राज्यले लक्ष्य अनुसार राजस्व उठाउन सकेन । चालु खर्च धेरै बढ्दै गयो, पेन्सनको दायित्व, ज्येष्ठ नागरिक भत्ताको बढोत्तरी, बढ्दो चालु खर्च, बढ्दो भ्रष्टाचार, निरास निजी क्षेत्र, वार्षिक विकास बजेटको न्यूनतम खर्च आदि समग्र कारणले अब पनि राजनैतिक नेतृत्वले निर्ममतापूर्वक आर्थिक समिक्षा नगरी मुलुक नचल्ने अवस्थाको आभाष भइरहेको थियो । तर दुर्भाग्य सरकार थप अस्थिर भयो । हुँदा खाँदाको बहुमत सरकारका प्रधानमन्त्रीले हठात् मन्त्रिमण्डल बर्खास्त गरे र नयाँ समीकरण गरी मन्त्रिमण्डल गठन गरे । मुलुक थप राजनैतिक अस्थिरताको भुमरीमा पसेको अनुभूति भइरहेको छ ।

नेपालको दुर्भाग्य हामीले प्रजातन्त्रको लागि पटक पटक आन्दोलन गऱ्यौं, सफल पनि भयो । राणा शासनको अन्त गऱ्यो, निरंकुश राजतन्त्रलाई परास्त गऱ्यौं, राजा पुनः चलमलाउन थालेकोले राजतन्त्रको अन्त गरी गणतन्त्र स्थापना गऱ्यौं, एकात्मक शासनबाट सङ्घीय गणतन्त्रको स्थापना गऱ्यो । ५ पटक त नयाँ संविधान नै बनायौं तर आर्थिक एजेण्डामा मुलुक कहिल्यै पनि हिडेन । प्रजातन्त्रको स्थायित्वको लागि आर्थिक विकास पहिलो शर्त हो । त्यसको लागि सबै राजनैतिक दलहरुले दिगो आर्थिक नीति लिनुपर्छ ।

सुशासन, भ्रष्टाचार नियन्त्रण, ठूला आयोजना सञ्चालन, विकास, शिक्षा, स्वास्थ्य, वैदेशिक सम्बन्ध जस्ता जनसरोकारका विषयमा राजनैतिक दलहरु बीच न्यूनतम सहमति हुन जरुरी छ तर यो आधुनिक नेपालले ७५ वर्षको इतिहासमा त्यो भएन । अहिले पनि प्रजातन्त्र माथि कतैबाट खतरा छ भने मुलुक आर्थिक प्राथमिकतामा नपरेको कारणबाट छ । सबै राजनैतिक शक्तिलाई चेतना भए अब यस तर्फ सोच्न ढिलो गर्न हुँदैन ।

(लेखक जनकपुर चुरोट कारखानाका पूर्व महाप्रबन्धक र वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ ।)

# हामीलाई पनि चाहिएको छ - अच्छे दिन आने वाले हैं!



मधुसुदन पन्थी

सन् २०१४ मा भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले चुनाव जित्न जनताको मनोविज्ञान जितेर अगाडि जाने रणनीति अपनाए।

चरम निराशामा भएका जनतालाई मोदी आए भने केही काम गर्छन् कि भन्ने आशा जगाउन 'अच्छे दिन आने वाले है' भन्ने लोकप्रिय नारा तय गरे। मोदीले गुजरातमा गरेका केही काम, उनको वाक्पटुता र सादगी जीवनशैलीका कारण उनलाई जनताले पत्याए पनि। दोस्रो पटक पनि जनताले त्यही दललाई नै पत्याए। मोदीले केही गरे पनि!

भूपी शेरचनले भनेजस्तै यो नेपाल हल्लै हल्लाको देश हो। भूपीले 'यो हल्लै हल्लाको देश हो' भन्ने कविता लेख्दा हल्ला मच्चाउन मुख र कान भेट हुनै पर्थ्यो। त्यसैले उखान बने होला 'एक कान दो कान मैदान', अब एक कान दो कान होइन, एक क्लिकमा देशभर मात्र होइन, विश्वभर हल्ला मच्चिन्छ।

सामाजिक सञ्जाल हल्ला मच्चाउन मात्र होइन, देउतालाई राक्षस बनाउन क्षणभरमा सक्ने भएको छ। यही हल्लै हल्लाले देशको अर्थतन्त्रको तेस्रो खम्बा सहकारी नराम्रोसँग धर्मराएको छ। बैंकहरूबारे भ्रम सिर्जना भएको छ।

'लगानीको वातावरण नै छैन' भन्ने हल्लाले नयाँ लगानीकर्ताहरू बजारमा आउन खुट्टा कमाइरहेका छन्। राष्ट्रिय मात्र होइन अन्तर ाष्ट्रिय लगानीमा समेत ह्रास आउन थालेको छ। सेयर बजार हल्लामै मच्चिन्छ र हल्लाकै भरमा थच्चिन्छ। रियलस्टेट (घरजग्गा कारोबार) अवस्था त्यस्तै छ। हल्लै हल्लाले मुलुक 'डुब्ने' हो कि भन्ने चिन्ता छ!

अहिले हत्केलामा संसार छ। सूचना प्रविधिले विश्वभरका कुरा एकसाथ हरेक कुनामा पुऱ्याएको छ। कटुवाल चिच्याएर सूचना जानकारी लिने गरेका हाम्रा कानहरूले विश्वका जानकारी निमेष भरमा लिन थालेका छन्। रेडियो-टेलिभिजनसमेत प्रयोगबिहीन हुन थालेका छन्।

एक-डेढ दशककै बीचमा भएको सूचना प्रविधिको अकल्पनीय विकासले ठूलो परिवर्तन ल्याएको छ।

एआईको विकास हुन थालेपछि हामीले नसोचेको परिवर्तन एक-डेढ दशकमा हुनेछ। यसका सकारात्मक पाटाहरू मात्र छैनन्, नकारात्मक पाटाहरू समेत छन्।

नेपाल बिग्रियो, बस्ने वातावरण नै छैन, छोराछोरीको भविष्यका लागि भए पनि विदेश जानुपर्छ, यहाँ लगानीको वातावरण नै छैन, नेताहरूले देश ध्वस्त पारे, अब श्रीलंकाको बाटोमा मुलुक जाँदैछ भन्ने जस्ता हल्लाहरू मच्चाएर यो देशलाई उजाड र हरिकंगाल बनाउन जानी नजानी हामी लागिरहेका छौं। स्वाभाविक रूपमा मान्छे सकारात्मकभन्दा नकारात्मक कुराको प्रचार बढी गर्छ।

के यो मुलुक बस्न लायक नै नभएको हो त?

भर्खर फेसबुकका भित्ता रंगाउन थालेको नयाँ पुस्ताले विदेशको झिलिमिली मात्र देखेको छ। हजुरबा पुस्ताले भोगेको युग र नाति पुस्ताले अहिले भोगिरहेको युगबीचको भेद उसलाई जानकारी नै छैन।

दुई-तीन दशकका बीचमा यो मुलुकमा अभूतपूर्व परिवर्तन भएको कुरा हाम्रा आँखाले देखिरहेका छन्।

नुन बोकेर ढाड खुइलाएका हाम्रा आमाबाहरू आँगनमा ट्याक्सी बोलाएर हिँड्ने भएका छन्। गाउँमा हुनेखानेका छोराछोरी समेत राम्रा कपडा लगाएर स्कुल जाने अवस्था थिएन। गाउँ डुङडुङ गन्हाउँथे, चर्पी बनाउने चेतना नै थिएन। थोरैका छोराछोरी मात्र स्कुल जान्थे। अहिले स्कुल नजाने बच्चा भेटिँदैन। देशविदेश गएरै भए पनि राम्रो लगाएकै छन्। मिठो खाएकै छन्। राती राम्रो बिस्तारामा पनि सुतेकै छन्।

तीन दशकअघि गाउँ त के, सहर समेत अहिलेभन्दा फरक थियो। हाम्रा आमाबा र हजुरबा-हजुरआमाको जीवनमा आएको परिवर्तनभन्दा अहिले ठूलो परिवर्तन आएको छ। हरेकजसोका हातमा स्मार्टफोन देखिन थालेका छन्। त्यसो त दुःख, दर्द र गरिबीको हृदय विदारक अवस्था अन्त्य भयो भन्ने चाहिँ होइन ।

समस्या कहाँनेर हो भने, हामीले युरोपेली र अमेरिकी जीवनशैली प्रत्यक्ष देख्यौं, सुन्यौं। हामीले उताकोसँग तुलना गर्न थाल्यौं। प्रत्येक चुनावमा नेताले ठूला सपना देखाए। माछापुच्छ्रेजस्ता अग्ला सपना देखाए। तर फूलचोकी डाँडासम्म पनि पुगेनन्।नेताका सपना सुनेर हामी धेरै हौसियौं। चाहिनेभन्दा बढी आशा गऱ्यौं। पुरा हुनै नसक्ने आशाले चरम निराशामा पुऱ्यायो। त्यही निराशा अक्रोशमा परिणत हुन थालेको छ।

हाम्रा रहर, सपना र बाध्यताले हामीलाई गाउँबाट उठाएर सहर ल्यायो। अब सहरबाट उठाएर युरोप-अमेरिकातिर पुऱ्याउन थालेको छ। मान्छे छोराछोरीको भविष्य खोज्दै अमेरिकातिर किन जान्छ? के अमेरिका नपुग्ने हाम्रा छोराछोरी गवार नै बन्ने हुन् त? के हामीले दुई दशकपछि पछुताएर आफ्नै थाप्लामा हिर्काउँदै बस्नु पर्ने हो त?

मै हुँ भन्ने मान्छेका छोराछोरी जसले जिन्दगीभर कहिल्यै श्रम गरेनन् र अहिले श्रम गर्ने मान्छेलाई अपमान गर्नेहरू पनि अमेरिकामा झाडु लगाउन खुसी नै हुन्छन्। पछिल्ला केही रिपोर्टअनुसार नेपालका ग्रामीण क्षेत्रमा ६ प्रतिशत अर्थात् ४ लाख ७२ हजार घर मानवबिहीन भएका छन्। सन् २०१३ मा ७१ हजार जति नेपाली स्थायी बसोबासका लागि नेपालबाट बाहिरिएछन्। विभिन्न तथ्यांक हेर्दा विश्वको ४ प्रतिशत जति जनसंख्याको अन्तर्देशीय बसाइँसराइ भएको देखिन्छ। तर नेपालमा झन्डै ३० प्रतिशत पुग्न थालेको छ।

नेपालका ग्रामीण क्षेत्रहरू वृद्धाश्रममा परिणत हुन थालेका छन्। युवायुवती र बच्चाहरू भेट्न दसैंतिहार कुर्नुपर्छ। धेरै स्कुल गाभिइसके। बीस वर्षअघि पाँच सय विद्यार्थी हुने विद्यालयमा दुई सय विद्यार्थी भेट्न मुस्किल छ। ऊ बेला एकतिहाई बच्चाहरू त स्कुल नै जाँदैन थिए। अहिले स्कुल नजाने बच्चा नै छैनन् तर विद्यालय सुनसान छन्।

उत्पादन सम्बन्धमा आएको परिवर्तन र आधुनिकीकरणसँगै विश्वका अहिलेका सम्पन्न देशहरू पनि यो स्थितिबाट गुज्रेको हामीले पढ्न र सुन्न पाउँछौं। कतिपय कुरा विकासको गतिसँगै हुने स्वाभाविक गति होलान् तर कतिपय शासकीय तथा प्रशासकीय कमजोरी तथा नकारात्मकताको अधिकतम प्रचार पनि हो।

'हामी र हाम्रा सन्तती बस्न लायक मुलुक बन्दैछ र यही धर्तीमा बसेर सुन्दर संसारको परिकल्पना गर्न सकिन्छ' भन्ने सुरक्षित भविष्यको आशा गर्ने वातावरण बनाउनुपर्छ। लगानी र जवानीमैत्री वातावरण बनाउनुपर्छ। बनाउनु त पर्छ तर कसरी ?पहिलो कुरा 'अच्छे दिन आने वाले है' भन्ने आशा विश्वास र भ्रम आमजनतामा हुनुपऱ्यो ।

यो हल्लै हल्लाको मुलुक हो। हल्लै हल्लाले पनि यो मुलुक राम्रो बन्न सक्छ। लगानी र जवानीको कमी छैन यहाँ। देशका शासक तथा प्रशासकमाथि विश्वास नभएको हो। विश्वास गर्ने वातावरण बन्न 'सिस्टम' नभएको हो। जनतालाई दिने सेवा चुस्त नभएको हो ।

सरकारी कार्यालयमा दुई-चार जना कर्मचारी थप्दा सहज रूपमा प्रवाह हुन सक्ने सेवालाई घन्टौं लाइनमा बस्ने अवस्था गराउनु भएन। जुन काम नेता र ठूलै कर्मचारीको फोन लगाएपछि हुने हो, त्यो कामा सेवाग्राहीले स्वयं गर्ने वातावरण हुनुपर्छ ।

अनियमितता र भ्रष्टाचार अन्त्य हुनुपर्छ। यति मात्र भए पनि आधा निराशा सजिलै निराकरण हुन सक्छ । हामीले थिति बसाल्न सक्यौं र जनतामा 'अच्छे दिन आने वाले है' भन्ने जस्तै अब केही हुन्छ है भन्ने आशा, विश्वास र भ्रम सञ्चार गर्न सक्यौं भने लगानी र जवानीका लागि सही वातावरण बन्छ। अन्यथा हाम्रा ग्रामीण बस्ती वृद्धाश्रममा परिणत भइसके। अब सहर पनि हुनेछन् ।(लेखक मधुसुदन पन्थी शाखा अधिकृत हुन्।)सेतोपाटी

# मन्त्रिमण्डल बिस्तारसँगै सिंहदरबारमा चहलपहल



टुडे समाचारदाता

काठमाण्डु । मन्त्रिमण्डल विस्तारसँगै मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा चहलपहल बढेको छ । पछिल्लो राजनीतिक घटनाक्रमपछि पछिल्ला एक/दुई दिन सुनसान बनेको सिंहदरबार मन्त्रिमण्डल बिस्तारसँगै चहलपहल बढेको हो ।प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारका १६ मन्त्रीको नियुक्ति र शपथ र कार्यभार नतोकिएका तीन मन्त्रीको कार्यभार तोकिएपछि बुधबार साँझदेखि नै विभिन्न मन्त्रालयमा कर्मचारी, सम्बन्धित पार्टी र मन्त्रीका समर्थक र सञ्चारकर्मीको भीड बढेको हो ।

सहरी विकासमन्त्रीबाहेक नवनियुक्त उपप्रधानमन्त्रीत्रय र मन्त्रीहरुले बुधबार राति नै आफ्ना मन्त्रालयमा पुगेर पदबहाली गरिसकेका छन् । विहिबार बिहान ९:३० बजेदेखि नै कतिपय मन्त्रीहरु कार्यकक्षमा पुगेर सचिवलगायत कर्मचारीबाट ब्रिफिङ लिन सुरु गरिसकेका छन् ।प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्डले यही फागुन २१ गते नेपाली कांग्रेससमेतको गठबन्धन तोडेर नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टीसँग नयाँ गठबन्धन गरेपछि नयाँ मन्त्रीमण्डल बिस्तार भएको हो ।

# नयाँ गठबन्धन निरन्तर जान्छः सांसद पौडेल

टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद देवेन्द्र पौडेलले वर्तमान सत्तागठबन्धन निरन्तर अगाडि जाने बताएका छन् । प्रतिनिधिसभाको विहिबारको बैठकमा दलीय आधारमा धारणा राख्दै उनले वर्तमान गठबन्धनलाई कसैले पनि तोड्न नसक्ने जिकिर गरे । "यो गठबन्धन बाँकी चार वर्ष निरन्तर जान्छ, कसैले तोड्न सक्दैन । हिजो तोडेर गल्ती भयो, मुलुकले स्थायित्व प्राप्त गर्न सकेन", सांसद पौडेलले भने, "मुलुकलाई स्थायित्व दिन फेरि गठबन्धन गरेका छौँ ।" वर्तमान गठबन्धनमा लामो राजनीतिक अनुभव प्राप्त गरेका तथा आलोचक भएर सरकारका कामकारबाहीबारे ध्यानाकर्षण गराउँदै आएका दल सहभागी रहेको उल्लेख गर्दै उनले वर्तमान सरकारले तीव्र गतिका साथ काम गर्ने विश्वास व्यक्त गरे ।"वर्तमान सरकार कानुन निर्माण तथा मुलुकले भोग्दै आएको समस्या समाधान गर्न सक्षम हुनेछ", सांसद पौडेलले भने, "राष्ट्र निर्माण गर्ने जिम्मेवारी दलहरुको काँधमा छ, मुलुकको समृद्धि तथा साझा मुद्दामा राष्ट्रिय सहमति कायम गरेर अघि बढ्नुपर्छ ।"

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



टुडे समाचारदाता

काठमाण्डु । सांसदहरु सरकारलाई सुशासन, सामाजिक न्याय र समृद्धिमा केन्द्रित भएर काम गर्न सुझाव दिएका छन् । प्रतिनिधिसभाको विहिबार बसेको बैठकको शून्य समयमा सांसदहरुले सरकारमा अनुहारमात्र परिवर्तन भएर नहुने भन्दै जनताले अनुभव गर्ने गरी काम गर्न सुझाव दिएका हुन् ।

सांसद रघुजी पन्तले जनताले सुधारको महसुस गर्ने गरी काम गर्न सरकारलाई सुझाब दिनुभयो । "कालीकोटमा नुन किन्न लाइनमा बस्दा पनि रित्तो हात फर्किनुपर्ने बाध्यता छ । सरकार फेरिएको सार्थकता त्यति बेला हुन्छ जब कर्णालीका जनताले नुन किन्न लाइन बस्नुपर्दैन", सांसद पन्तले भने, "जनताले पात्र मात्र हैन परिस्थितिमा समेत परिवर्तन खोजेको हो, त्यसका लागि शुभकामना ।"सांसद भीमप्रसाद आचार्यले देशको अर्थतन्त्रको अवस्था सुधार गर्न सुझाव दिनुभयो । उनले भने, "आज देश ठूलो आर्थिक मन्दिमा छ । विकास निर्माणका काम तीव्र रुपमा अघि बढ्न सकेको छैन । यस सरकारले अभिलम्ब सबै क्षेत्रले गति लिने काम गर्नुपर्छ ।"

नेकपा (एमाले)को संसदीय दलका मुख्य सचेतक महेशकुमार बर्तौलाले नवगठित सरकारलाई असफल हुने छुट नभएको बताए । "सत्ता परिवर्तन भए पनि देशप्रतिको जनता अवस्था परिवर्तन भएको छैन ।

देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ", उनले भने, "यो सरकारलाई कमजोर र असफल हुने छुट छैन । हिँड्दाहिँड्दै जिम्मेवारीले आफैँ थिचिने खालको हुने छुट पनि यो सरकारलाई छैन ।"सांसद माधव सापकोटाले पुनःगठित मन्त्रिमण्डललाई शुभकामना दिँदै रुग्ण र बन्द भएका नौ वटा उद्योग तत्काल सञ्चालनका लागि अर्थमन्त्रीको ध्यानाकर्षण गराए ।

सांसद मीना तामाङले संविधानको प्रस्तावनामा जनयुद्ध शब्द थप्नुपर्ने बताउँदै जनयुद्धमा छुटेका सहिदहरुको घोषणा गर्न माग गरे । सांसद मेनकाकुमारी पोखरेलले दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक धरासाय बन्दै गएकोप्रति ध्यानार्कषण गराईन् ।

सांसद मैना कार्कीले द्वन्द्वपीडितको न्यायका लागि सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक तत्काल पारित गर्नका लागि सरकारको ध्यानाआर्कषण गराए । सांसद मञ्जु शर्मा अन्सारीले चुरे क्षेत्रको दोहन रोक्नुपर्न बताईन् । "आज विश्व नै जलवायु परिवर्तनको मारमा परेको छ । यसको असरबारे थाहा हुँदाहुँदै पनि हामीले चुरे दोहोन रोक्न सकेका छैनौँ", उनले भने, "जसका कारण मधेसमा असर देखिन थालेको छ, मधेस भविष्यमा मरभूमि हुने जोखिम छ ।"


सांसद योगेशकुमार भट्टराईले तमोर करिडोर ठेक्का प्रक्रिया, ताप्लेजुङ सडक निर्माण, पुल निर्माणबारे सरकारको ध्यानार्कषण गराए । सांसद रनकुमारी बलमपाकी मगरले मुटु, मिर्गौला र अर्बुद रोगको बढ्दो जोखिमप्रति चिन्ता प्रकट गर्दै विपन्न नागरिकका लागि उपचार निःशुल्क गराउन माग गरिन् । सांसद रणेन्द्र बरालीले दलित समुदायका लागि दलित विकास प्राधिकरणको व्यवस्थापन र दलित समानुपातिक आधारमा बजेट विनियोजनका लागि सदन्मार्फत सरकारको ध्यानार्कषण गराए ।

सांसद रमा कोइराला पौडेलले सरकारको मूल्याङ्कन मन्त्री र प्रधानमन्त्रीका रुपमा नभइ जनताको जीवनस्तरमा परिवर्तन ल्याएका आधारमा हुने बताईन् । सांसद राजेन्द्रकुमार केसीले नागढुङ्गा सुरुङमार्ग निर्माणमा स्थानीयले अवरोध गरेको भन्दै उनीहरुको माग तत्काल सम्बोधनका लागि ध्यानार्कषण गराए । सांसद रामकुमार राईले खोटाङ जिल्लाका लागि गाईघाट-खोटाङ सडक अलपत्र भएकोभन्दै ध्यानार्कषण गराउँदै मध्यपहाडी लोकमार्ग निर्माणलाई तीव्रता दिन माग गरे । सांसद रामकृष्ण यादवले पछिल्लो राजनीतिक परिवर्तनले सकारात्मक सन्देश प्रवाह नगरेको भन्दै राजनीतिक दल र सरकारलाई सचेत गराए ।

सांसद रामहरि खतिवडाले सरकारलाई कार्यकालको शुभकामना दिँदै लघुवित्त, मिटरब्याजी र सहकारीपीडितको समस्या यथाशीघ्र समाधान गर्न माग गरे । "लघुवित्त र मिटरब्याजी, सहकारीपीडितले न्याय पाउन", उनले भने । सांसद रुक्मणी राना बराइलीले नेपाली नागरिकहरु अवैधरुपमा रुसी सेनामा भर्ती भइरहेकोमा त्यसलाई रोक्न र युद्धग्रस्त स्थानमा रहेका नेपालीलाई तत्काल फिर्ता गर्न माग गरिन् । सांसद रुपासोशी चौधरीले कैलालीको टीकापुर क्षेत्रमा ढुबान र कटानको जोखिम समयमा नियन्त्रणका लागि ध्यानार्कषण गराईन् ।

सांसद रेखा यादवले झापामा बसोबास गर्दै आएका मेचे समुदाय राज्यबाट संरक्षणको पर्खाइमा रहेको बताईन् । सांसद रोशन कार्कीले सरकारले तत्कालीन समस्याको यथाशीघ्र समाधानको माग गरे । उनले आरती साहको परिवारले न्याय पाउनुपर्ने पनि माग गरे । सांसद लालप्रसाद सावा लिम्बूले हुलाकी राजमार्गअन्तर्गत झापा जिल्लाको कन्काई नदीमा पुल निर्माण तत्काल सम्पन्न गर्न माग गरे । झापा निर्वाचन क्षेत्र नम्बर ४ स्थित सडक निर्माणका लागि बजेट बिनियोजन गर्न उनले सरकारको ध्यानार्कषण गराए। सांसद लिलानाथ श्रेष्ठले सिरहा जिल्लास्थित भन्सारमा क्वारेन्टिइन कार्यालय खोल्नपर्ने बताए । सांसद लेखनाथ दाहालले राष्ट्रिय भूमि आयोगको भूमिकालाई बलियो बनाउँदै भूमिहीनको व्यवस्थापनको माग गरे । सांसद मनिष झाले महिला खेलाडीका लागि उपलब्धि अनुसारको बजेटको व्यवस्थागर्न माग गरे ।

# एकपक्षीय ढङ्गले गठबन्धन तोडेको कांग्रेसको आरोप



टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'ले एकपक्षीय ढङ्गले गठबन्धन तोडेको प्रतिक्रिया दिएको छ ।

कांग्रेस संसदीय दलको विहिबारको बैठकले गरेका निर्णयबारे जानकारी गराउँदै कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले बैठकले कांग्रेस गठबन्धनप्रति सदैव इमान्दार र प्रतिबद्ध रहेको र सहमतिअनुसार पालना गर्दै आएको भए पनि प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहालले एकपक्षीय ढङ्गले गठबन्धन तोडेको बताए ।

विगतमा संविधानको रक्षा र लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणका लागि कांग्रेसले विभिन्न दल सम्मिलित गठबन्धन बनाएको र सोहीअनुसार निर्वाचनमा भाग लिएको प्रमुख सचेतक लेखकको भनाइ थियो ।

पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकले पछिल्लो समयमा परिवर्तित राजनीतिक घटनाक्रमबारे छलफल गर्दै माओवादी केन्द्रका अध्यक्ष दाहाललाई सरकार गठनमा दिएको समर्थन फिर्ता गर्ने निर्णय गरेको छ ।

साथै सरकारबाट कांग्रेसले समर्थन फिर्ता लिएको र सोबारे सभामुखलाई आजै जानकारी गराउने पनि प्रमुख सचेतक लेखकले जानकारी दिए ।

बैठकले सङ्घीय संसद्या प्रमुख प्रतिपक्षी दलका हैसियतमा रचनात्मक प्रतिपक्षीको भूमिका निर्वाह गर्ने निर्णयसमेत गरेको र आफ्ना सांसदलाई सदनमा जनजीविकाका सवालमा प्रभावकारीरुपमा प्रस्तुत हुन निर्देशन गरेको छ । नेपाली कांग्रेस प्रतिनिधिसभाको ठूलो दल हो ।

# सरकारको प्रवक्तामा सञ्चारमन्त्री शर्मा



टुडे समाचारदाता

काठमाण्डु । नेपाल सरकारको प्रवक्ताको जिम्मेवारी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पाएकी छन् । मन्त्रिपरिषद्को विहिबारको बैठकले मन्त्री शर्मालाई सो जिम्मेवारी प्रदान गरेको हो ।

यस्तै, बैठकले संयुक्त राष्ट्रसङ्घको 'कमिसन अन दि स्टाटस अफ वुमन को ६८ औं सत्र' मा भाग लिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीलाई स्वीकृति प्रदान गरेको छ ।

विहिबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' ले नवनियुक्त उपप्रधानमन्त्री र मन्त्रीहरुलाई बधाई दिदै सफल कार्यकालका शुभकामना दिएका थिए । बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री शर्माले आजभोलि नै सरकारले पूर्णता पाउने बताईन् । उनले सरकारले पूर्णता पाएसँगै प्रधानमन्त्रीले विश्वासको मत लिने जानकारी दिईन् ।

# राजदूतको भेट

टुडे समाचारदाता

काठमाण्डु । नवनियुक्त उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गरेका छन् । मन्त्रालयमा विहिबार भएको भेटमा उनीहरुबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले जानकारी दिए ।सो अवसरमा उनीहरुबीच दुई देशबीचको सम्बन्ध थप सुदृढ बनाउने, भारतको सहयोगमा नेपालमा सञ्चालित विकास निर्माणका परियोजना समयमै सम्पन्न गर्नेलगायत विषयमा छलफल भएको प्रवक्ता राईले बताए ।

# यो सरकारले संसद्को बाँकी कार्यकाल पूरा गर्छ : एमाले



टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले वर्तमान सरकार र गठबन्धनले संसद्को बाँकी कार्यकाल पूरा गर्ने बताएका छन् ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा दलीय आधारमा बोल्दै नेता पौडेलले संसद्मा कुनै पनि दलको बहुमत नभएको अवस्थामा दलहरु मिलेर सरकार बनाइनु स्वभाविक भएको बताए ।

उनले कुनै निश्चित दलसँग मात्रै सत्ता सहकार्य हुनुपर्छ भन्ने नभई संसद्भित्र जुनसुकै दलका बीच पनि सहकार्य हुनु स्वभाविक प्रक्रिया भएको टिप्पणी गरे ।

यही फागुन २१ गते एमाले, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टीबीचको सहमतिबाट सरकार पुनर्गठन भएको थियो । सरकारमा नेकपा (एकीकृत समाजवादी) पनि सहभागी भएको छ ।

नेता पौडेलले आफ्नो विगतको तीतो यात्रालाई समीक्षा गर्दै मुलुकको सुशासन, समृद्धि र सामाजिक न्यायका लागि नयाँ गठबन्धन आरम्भ गरेकामा प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' लाई शुभकामना दिँदै यो यात्रा अविराम र अविचलितरुपमा अघि बढोस् भन्ने कामना गरे ।

"प्रधानमन्त्री दाहालबाट विगतको गठबन्धनका समस्यालाई खुलस्तरुपमा राखेर सहज र संविधानसम्मतरुपमा विकल्प खोज्ने काम भएको छ । यसलाई सबै दलले सहज र स्वभाविकरुपमा लिनुपर्छ", नेता पौडेलले भने, "अहिले प्रतिपक्षमा पुगेको नेपाली कांग्रेसले सकारात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ ।

अहिले भएको सहयात्रा जनता र राष्ट्का समस्यालाई सम्बोधनमा केन्द्रित रहन्छ । यो सरकारले संसद्को बाँकी कार्यकाल पूरा गर्नेछ ।"

आर्थिकमन्दीका कारण जनताका निराशा र असन्तुष्टिलाई सम्बोधन गर्दै प्रतिपक्षका जायज मागलाई सुनेर सरकारले आशावाद सिर्जना गर्ने काम गर्ने उनको भनाइ छ ।

नेता पौडेलले विद्यमान संवैधानिक प्रबन्धअनुसार कुनै एक दलको बहुमत आउन कठिन अवस्था रहेको उल्लेख गर्दै जनताको विश्वास जित्दैँ आगामी निर्वाचनमा बहुमत ल्याउने गरी काम गर्नुपर्नेमा उनले जोड दिए ।

# समाधान खोज्न सरकारमा आएको सांसद परियारको भनाई



टुडे समाचारदाता


काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले आफ्नो पार्टी प्रश्न गर्न मात्रै नभई उक्त प्रश्नको समाधान खोज्न सरकारमा सहभागी भएको बताएका छन् । प्रतिनिधिसभाको विहिबारको बैठकमा दलीय आधारमा धारणा राख्दै उनले भने, "प्रश्न गर्न सजिलो छ ।

जब समाधान गर्ने बेला आउँछ, त्यतिबेला राजनीतिक पार्टी भाग्नुहुँदैन ।" आफ्नो पार्टी विगतमा अन्य पार्टीले गरेको जस्तो गल्ती गर्न नआएको भन्दै सांसद परियारले मुलुकको मुहार परिवर्तन गर्ने विश्वासका साथ सरकारमा सहभागी भएको बताए ।

"जुन दिन पार्टीले चाहेको काम गर्न सकिँदैन, त्यो दिन सत्ताबाट हट्नेछौँ", उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थितिले आम नागरिकको सपनालाई जगाएको उल्लेख गर्दै सांसद परियारले सरकारमा रहेर जनताको हित गर्ने पार्टीको एकमात्र उद्देश्य रहेको बताए । उनले संसद्लाई सुसंस्कृत अभ्यास गर्ने थलोका रुपमा विकास गर्नुपर्नेमा जोड दिए ।

# कांग्रेस अब रचनात्मक प्रतिपक्षमा रहन्छः प्रमुख सचेतक लेखक



टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सत्ता समीकरण फेरिएसँगै आफ्नो पार्टी रचनात्मक प्रतिपक्षमा रहने बताएका छन् ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा नेता लेखकले सो पार्टीको केन्द्रीय कार्यसम्पादन समिति र संसदीय दलको बैठकका निर्णयबारे जानकारी गराउँदै आफ्नो पार्टीले तत्कालीन गठनबन्धनप्रति इमानदारिता र सदासयता देखाउँदादेखाउँदै अकारण नयाँ गठबन्धन बनाइएकाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताए । यही फागुन २१ गते सत्तागठबन्धनमा फेरबदल आएको थियो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको पुनर्गठित सरकार संविधानको रक्षा, विद्यमान व्यवस्थाको सुदृढीकरण र मुलुकका दिगो शान्ति, सुशासन, समृद्धि र स्थिरता कायम गर्न सफल होस् भन्ने कामना गर्दै उनले विगतमा त्यही लक्ष्यका साथ आफूहरुसमेतले बनाएको गठबन्धन एकाएक टुटेको विषयमा आश्चर्य व्यक्त गरे ।

"हामीले नेताहरुका बीचमा मात्रै होइन जनताका माझमा कसम खाएर निर्वाचन जितेर आएका थियौँ । नेपाली कांग्रेसले गठबन्धनको संस्कृति र मूल्य, मान्यताअनुसार निष्ठा र मर्यादाका साथ सहयात्रा पालना गरिरहेको अवस्थामा पछिल्लो समयमा गठबन्धनप्रति अविश्वास हुने गरी प्रस्तुत हुने प्रवृत्ति बढ्यो", प्रमुख सचेतक लेखकले भने, "सानातिना मुद्दा उछालेर प्रधानमन्त्री दाहालले एकपक्षीय ढङ्गले हामीसँगको गठबन्धन तोड्नुभयो ।"प्रतिपक्षमा रहेर रचनात्मक भई नमूनायोग्य काम गर्ने स्मरण गराउँदै उनले राम्रा कामको तारिफ गर्ने र कमजोरीका विषयमा रचनात्मकरुपमा विरोधी हुने बताए । नेता लेखकले संविधानमा मिश्रित निर्वाचन प्रणाली भएकाले कुनै पनि एक दलको बहुमत आउन नसक्ने र संविधानले गठबन्धनको संस्कृतिलाई आमन्त्रण गरेकाले गठबन्धन बन्ने र भत्कने क्रमलाई सामान्यरुपमा लिन सकिने भए पनि अहिले फेरिएको गठबन्धनको कारण र औचित्य पुष्टि हुन नसक्ने टिप्पणी गरे । उनले भने, "प्रधानमन्त्रीले कुनै मन्त्रीले काम गरेन वा काम गर्न दिएन भनेर भाग्न पाइँदैन । प्रधानमन्त्री देश र सरकारको नेता हो । समग्र कामको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्छ ।"

उनले भने, "प्रधानमन्त्रीले कुनै मन्त्रीले काम गरेन वा काम गर्न दिएन भनेर भाग्न पाइँदैन ।

# वैज्ञानिकले पृथ्वीकै ठूला बालुवाका ढिस्कोका रहस्य पत्ता लगाए

वीवीसी

काठमाण्डु । पृथ्वीको सबैभन्दा ठूलो र जटिल प्रकारमध्ये एउटा बालुवाको ढिस्कोको उमेर पहिलो पटक गणना गरिएको छ। विशेष खालका आकार भएका कारण यिनीहरूलाई अङ्ग्रेजीमा स्टार ड्यूनस अथवा पिरामिड ड्यूनस नाम दिइएको छ। बालुवाका यी विशेष ढिस्काहरू सयौँ मिटर अग्ला हुन्छन् ।

यस्ता ढिस्काहरू अफ्रिका, एसिया र उत्तर अमेरिकासहित मङ्गल ग्रहसम्म भेटिएका छन् तर विज्ञहरूले अहिलेसम्म ती ढिस्काहरू कहिले बनेका थिए भनेर पत्ता लगाउन सकेका थिएनन् । अहिले भने वैज्ञानिकहरूले मोरोक्कोमा रहेको लाला लालिया नामको बालुवाको ढिस्को १३ हजार वर्ष पहिले बनेको पत्ता लगाएका छन् ।

स्टार ड्यूनस विपरीत तर्फबाट आएको हावाका कारण बन्ने गर्छन् । बालुवाको ढिस्कोको उमेरले वैज्ञानिकलाई ती हावाबारे बुझ्न मद्दत गर्छ जसले त्यो समयको जलवायुबारे बुझ्न सहयोग गर्ने युनिभर्सिटी अफ अबरिस्टविथका प्राध्यापक जियोफ ड्यूलरले भने। उनले बर्कबेक युनिभर्सिटीस्थित प्राध्यापक चार्ल्स ब्रिस्टोसँग मिलेर आफ्नो अनुसन्धान प्रकाशित गरेका छन् ।

लाला लालिया (रैथाने अमेजिया नाम जसको अर्थ पवित्र उच्च विन्दु हुन्छ) दक्षिण-पूर्वी मोरोक्कोस्थित एर्ग चेबी स्यान्ड सीमा अवस्थित छ । यो एक सय मिटर अग्लो र ७०० मिटर चौडा फैलिएको छ । सुरुमा बनेपछि यो करिब ८००० वर्षसम्म वृद्धि हुन छोडेको थियो।

त्यसपछिका पछिल्ला केही हजार वर्षहरूमा भने तीव्र रूपमा यसको आकार वृद्धि भएको छ । सामान्यतः मरुभूमिहरूको पहिचान पृथ्वीको भौगर्भिक इतिहासमा गर्न सकिन्छ। हुन्छ तर अहिलेसम्म स्टार ड्यूनसबारे जानकारी भने पाइन्नथ्यो ।

प्रोफेशर ड्यूलर भन्छन्, शायद यी



ढिस्काहरू निकै ठूला हुने भएकाले विज्ञहरूले एउटा विशेष खालको ढिस्कोबारे अवलोकन गरिरहेका छन् भन्ने महसुस नै गरेका थिएनन् । "यी अध्ययन परिणामले सम्भवतः धेरै मानिसलाई चकित पार्न सक्छ किनभने यी ढिस्काहरू कति छिट्टै बने भन्ने कुरा हामी देख्न सक्छौँ। यो मरुभूमिभरि प्रतिवर्ष करिब ५० सेन्टिमिटरले बढिहेको छ," उनले थपे ।

वैज्ञानिकहरूले स्टार ड्यूनको उमेर पत्ता लगाउन लुमनेसेन्स प्रविधिको प्रयोग गरेका थिए ।

यो विधिले बालुवाको कणमा पछिल्लो पटक कहिले दिनको उज्यालो परेको थियो भन्ने गणना गर्छ। मोरोक्कोबाट अँध्यारोमा लिइएका बालुवाको नमुनाहरूलाई लिएर प्रयोगशालामा पुरानो शैलीको फोटोग्राफी कार्यशालामा जस्तै धमिलो रातो प्रकाशमा त्यसको विश्लेषण गरिएको थियो ।

प्राध्यापक ड्यूलरले बालुवाको कणमा भएका खनिज तत्वहरूलाई "साना रिचार्ज गर्न मिल्ने ब्याट्रीजस्तै" भनेर व्याख्या गर्छन्। त्यस्ता तत्वहरूले प्राकृतिक वातावरणमा भएको रेडियोएक्टिभिटीबाट आएको ऊर्जालाई बालुवाको कणमा सञ्चित गर्छन् । बालुवा जति धेरै जमिनमुनि रहन्छ त्यति नै धेरै रेडियोएक्टिभिटी देखा पर्छ र धेरै ऊर्जा उसले विकसित गर्छ ।

जब कणहरू प्रयोगशालामा लगियो ती कणहरूले ऊर्जा निष्कासन गरे र त्यसबाट वैज्ञानिकहरूले त्यसको उमेर गणना गर्न सके । "हाम्रा अँध्यारा प्रयोगशालामा प्रयोग गर्दा ती बालुवाका कणबाट प्रकाशका रूपमा ऊर्जा निष्कासन गरे र त्यसकै आधारमा वैज्ञानिकहरूले उमेर गणना गर्न सके," प्राध्यापक ड्यूलरले भने । "जति बढी उज्यालो हुन्थ्यो त्यति नै बढी ती बालुवाका कणको उमेर हुन्थ्यो र त्यति बढी ती कणहरू पुरिएको अवस्थामा थिए भन्ने थाहा हुन्थ्यो ।"

बालुवाका यी ठूला ढिस्काहरूमध्ये उत्तर अमेरिकाको कोलोराडोस्थित ढिस्को एक हो जसको फेददेखिको उचाइ २२५ मिटर मापन गरिएको छ ।

यी ढिस्काहरू चढ्ने काम निकै कठिन हुने प्राध्यापक ड्यूलर बताउँछन् । "ढिस्को चढ्दा दुई कदम उकालो चढ्दा एक कदम पछाडि चिप्लिइन्छ। तर तपाईँलाई थकथकी हुँदैन किनभने सबभन्दा माथि टुप्पोबाट देखिने दृश्य निकै मोहक हुन्छ," उनले भने ।

# दबाबमा खेल्न नेपाललाई सधैं सकस

काठमाण्डु । घरेलु टोली नेपालले त्रिकोणात्मक टी-२० सिरिजको उपाधि नेदरल्याण्ड्सलाई सुम्पिएको छ।

सुरुवाती दुई खेल गुमाएको नेपाल लगातार दुई जित निकालेर फाइनलमा पुगेको थियो तर क्षमताअनुसार प्रदर्शन गर्न नसक्ने समस्या दोहोरिँदा उपाधि जित्न सकेन ।त्रिवि क्रिकेट मैदानमा टस जित्ने टिमले पहिला बलिङ रोज्ने गर्छ । तर मंगलबार नेपालले टस जितेर पनि ब्याटिङ रोज्यो । कप्तान रोहित पौडेलका अनुसार विकेट राम्रो थियो र, कम्तीमा २०० रन बनाएर नेदरल्याण्ड्सलाई दबावमा राख्ने रणनीतिका साथ पहिला ब्याटिङ गर्ने सामूहिक निर्णय भयो ।

सुरुवात राम्रै थियो । चौथो ओभरमा गुग्टेनको बलमा ल्याप सट खेल्ने क्रममा कुशल भुर्तेल २० रनमा बोल्ड हुन पुगे, जतिबेला नेपालको स्कोर २३ रन थियो । त्यसपछि रोहित र आसिफ शेखले इनिङ उकास्दा ९ ओभरमा ८२-१ को अवस्थामा पुग्यो । माइकल लेभिटको १० औं ओभरको दोस्रो बलमा स्कुप खेल्न खोज्दा रोहित २५ रनमा विकेटकिपर स्कटबाट समातिन पुगे ।

१२ औं ओभरमा गुल्सन झाले शरिज अहमदलाई दुई छक्का हाने। १४ औं ओभरको चौथो बलमा आसिफ शेख लेभिटको बलमा ४७ रनमा एलबीडब्लू आउट भए । अर्को ओभरमा गुग्टेनले दीपेन्द्रलाई १ रनमा एलबीडब्लू आउट गरेपछि नेपाल दबाबमा पऱ्यो। १६औं ओभरमा साइब्रान्ड एंगेलब्रेक्टले मात्रै चार रन खर्चिए । उनी पार्टटाइम स्पिनर भएपनि नेपालले फाइदा लिन सकेन । १७ औं ओभरमा लेभिटलाई कुशल मल्लले लगातार तीन छक्का हाने । तर अर्को ओभरमा कुशल मल्ल क्याच आउट भए।

ओभरको अन्तिम बलमा करण केसी आउट भए। १९ औं ओभरको पहिलो र दोस्रो बलमा फर्द क्लासेनले गुल्सन झा र आरिफ शेखको विकेट लिए । अन्तिम ओभरमा १० रन जोडेपछि नेपालले २० ओभरमा १८४ रन मात्र बनाउन सक्यो ।जबकी नेपाली ब्याटरले मध्यक्रममा खुलेर खेल्न सकेको भए २०० रन सजिलै बनाउन सक्थे ।

१८५ रनको लक्ष्य पछ्याएको नेदरल्याड्सले भने सोचे जस्तो सुरुवात गऱ्यो। पहिलो बलमै लेभिटले करण केसीलाई डिप मिडविकेटमा छक्का हानेका थिए ।उनले पहिलो विकेटका लागि म्याक्स ओडाउडसँग ८ ओभरमा ८३ रनको साझेदारी गर्दै राम्रो सुरुवात दिलाए । करण केसी, प्रतिश जीसी, दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र अविनाश बोहराले बलिङ गरेपनि विकेट लिन सकेनन् । नवौं ओभरमा कुशल मल्लले दुबै ओपनरलाई आउट गर्दै झिनो आशा देखाए ।

११औं ओभरमा देब्रेहाते ब्याट्सम्यान क्रिजमा रहेका बेला कुशल मल्ललाई बलिङ गराउने नेपालको निर्णय गलत साबित भयो । रोहितका अनुसार आफ्नो अघिल्लो ओभरमा कुशलले राम्रो गरेका थिए । तर यो ओभरमा उनले त्यसरी बलिङ गर्न सकेनन्, क्याच पनि छुट्यो । त्यसको फाइदा उठाएका बिक्रमजितको तीन छक्काको मद्दतमा नेदरल्याण्ड्सले २० रन जोड्यो ।

१६औं र १७औं ओभरमा विकेट गुमाएको नेदरल्याण्ड्सलाई अन्तिम ३ ओभरमा ४० रन चाहियो । १७ औं ओभरमा दीपेन्द्रले मात्र ४ रन दिएपछि खेलमा नेपालको सम्भावना देखिएको थियो । तर १८ औं ओभरमा अविनाश बोहरालाई साइब्रान्डले कुल २१ रन प्रहार गरेपछि खेल नेदरल्यान्ड्सको पक्षमा मोडिएको थियो ।खेलका डेथ ओभरमा योजनाअनुसार बलिङ हुन नसकेको कप्तान रोहितले स्वीकार गरे । डेभ ओभरमा बलिङ गर्नु सहज नभएको भन्दै उनले अगाडि भनेका छन्, 'अविनाश दाइमाथि भरोसा छ, आउने खेलहरुमा राम्रो गर्नु हुन्छ।'

विश्वकप अघि देखिएको कमजोरी

नेपाल आगामी जुनमा अमेरिका र वेस्टइन्डिजमा हुने टी-२० विश्वकपको तयारीमा छ । विश्वकपमा समूह डीमा परेको नेपालले दक्षिण अफ्रिकासँगै बंगलादेश, श्रीलंका र नेदरल्यान्ड्ससँग खेल्नुपर्ने छ।

समूहमा रहेका दक्षिण अफ्रिकासँगै बंगलादेश, श्रीलंका टेष्ट मान्यता प्राप्त देश हुन्। नेदरल्यान्ड्स एसोसिएटको बलियो टोली हो । अक्टोबर नोभेम्बरमा भारतमा सम्पन्न एकदिवसीय विश्वकपमा दक्षिण अफ्रिका र बंगलादेशलाई स्तब्ध पार्दै सनसनी मच्चाएको थियो ।त्यसैले विश्वकपमा जित सहज छैन। त्यसलाई बुझेको नेपालले लिग टू खेल्न आएको नेदरल्याण्ड्स र नामिबियासँग घरेलु मैदानमा टी-२० आई सिरिज खेल्यो ।

नेदरल्याण्ड्ससँग पहिलो भेटमा २ रनले चुकेको नेपालले दोस्रो भेटमा ६ विकेटको शानदार जित निकालेको थियो। तर फाइनलमा नेपाल ४ विकेटले पराजित हुन पुग्यो ।प्रमुख अलराउन्डर बास डि लिडे, तीव्र गतिका बलर पाउल भान मिर्केन, लोगन भान बिक, ब्याटर कोलिन एकरम्यान र टम कुपर विना नै नेदरल्याण्ड्सले नेपाललाई घरेलु मैदान र दर्शक सामू हराउँदै उपाधि जित्यो ।

नेपालले टी-२० सिरिजमा खेलेको ५ मध्ये दुई खेल जित्यो भने ३ वटामा हार व्यहोरेको छ।

प्लेइङ ११ मा लगातार भएको परिवर्तनले पनि नजिता नेपालको पक्षमा नआएको देखिन्छ। यद्यपि टी-२० विश्वकपमा पुग्दासम्म नेपालको उत्कृष्ट टिम बनोस् भन्ने उद्देश्यका साथ गरिएको प्रयोगलाई अन्यथा भन्न मिल्दैन ।तर एक-दुई विकेट गएपछि रनको गति रोकिनु, डेथ र पावर प्लेमा ओभरमा खराब बलिङ गर्नु नेपाली टोलीका समस्याका रुपमा पहिचान भएका छन् ।

प्रशिक्षक मोन्टी दशाईले पनि दबाबमा आफ्नो क्षमताअनुसार खेल्न नसक्नु कमजोरी भएको बताए । 'ब्याटिङ होस् वा बलिङ, वान बल ब्याटलमा कसरी प्रस्तुत हुन्छ ? र, दबाबमा आफ्नो क्षमतालाई कसरी उपयोग गर्छ भन्ने हो' उनले भने, 'दबाबमा आफ्नो क्षमतामा उपयेग गर्ने कुरामा हामीले सुधार गर्नुपर्छ ।'नेपालले छिट्टै हङकङ टूर गर्दैछ भने आयरल्याण्ड एलाई पनि नेपाल बोलाएर टी-२० सिरिज खेल्नेछ।

यसको अनुभवले खेलाडीहरुलाई अझ निखार्ने उनको विश्वास छ । 'हाम्रो टिमको लागि यो एउटा अवसर पनि हो' उनले भने ।अनलाईन खवर

# विशेष दर्जा कटौतीपछि भारतीय प्रधानमन्त्रीको पहिलो कास्मिर भ्रमण

एएफपी

श्रीनगर। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१९ मा विवादित क्षेत्र कास्मिरको अर्ध स्वायत्तता खारेज गरेपछिको पहिलो भ्रमणका क्रममा बिहीबार भारत प्रशासित कास्मिरको मुख्य सहरमा र्याली गर्नुहुने भएको छ।

मोदी सरकारले मुस्लिम-बहुल क्षेत्र कास्मिरको विशेष संवैधानिक हैसियत खोस्दै पहिलाको राज्यलाई नयाँदिल्लीबाट प्रत्यक्ष शासित दुई क्षेत्रमा विभाजित गरेको थियो । उक्त कदमलाई सम्पूर्ण भारतमा स्वागत गरियो। यसबाट बाक्लो सैन्यीकृत क्षेत्रमा धेरै मानिसलाई असन्तुष्ट बनायो । हिमाली क्षेत्र कास्मिरमा विद्रोहीहरूले सन् १९८९ देखि स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै विद्रोह गरेका छन्। पाकिस्तानले कास्मिर क्षेत्रको एउटा सानो भूभागलाई नियन्त्रण गरेको छ। भारतले भने सम्पूर्ण कास्मिरमाथि दाबी गर्दछ।

हिन्दू राष्ट्रवादी नेता मोदीले दिउँसोतिर एउटा सार्वजनिक सभालाई सम्बोधन गर्ने कार्यक्रमका लागि हजारौं सशस्त्र प्रहरी र अर्धसैनिक बललाई परिचालित गरिएको छ भने कास्मिरको मुख्य सहर श्रीनगरमा नयाँ प्रहरी चौकीहरू



स्थापना गरिएको छ। "विभिन्न विकास कार्य पनि राष्ट्रलाई समर्पित गरिनेछ", भ्रमणअघि मोदीले सामाजिक सञ्जाल एक्समा भन्नुभएको छ, "कृषि अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने र पर्यटन कार्यक्रम पनि समावेश छ।" मोदीले प्रतिष्ठित मुस्लिम तीर्थस्थल हजरतबल वरपरका पूर्वाधारको पनि उद्घाटन गर्नुहुने सरकारी विज्ञप्तिमा जनाइएको छ। यो भ्रमण मेमा हुने भारतको राष्ट्रिय निर्वाचनअघि हुँदैछ। यो भ्रमण यस क्षेत्रको स्वायत्तता गुमाएपछिको पहिलोसमेत हो । कास्मिरमा अन्तिमपटक स्थानीय निर्वाचन सन् २०१४ मा भएको थियो। नयाँदिल्लीको कास्मिरमा प्रत्यक्ष शासनबाट उक्त क्षेत्रमा 'शान्ति र विकास' को नयाँ युग आएको मोदी सरकारले दाबी गरेको छ तर आलोचक तथा धेरै बासिन्दाहरूले यसले नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा व्यापक कटौती गरेको बताएका छन्।

सुरक्षा बलहरूले बिहीबार सडकहरूका साथै श्रीनगर हुँदै बग्ने नदी किनारमा मोटरबोटहरूबाट गस्ती गरेका छन्। सहरका अधिकांश विद्यालय दिनभरका लागि बन्द गरिएको छ र अधिकारीहरूले सरकारी कर्मचारीहरूलाई र्यालीमा उपस्थित हुन आह्वान गरेका छन्। जम्मू-कास्मिरका पूर्वमुख्यमन्त्री उमर अब्दुल्लाले सरकामाथि र्यालीमा सहभागी हुनका लागि भीड बनाउन बसहरूको व्यवस्था गरेको आरोप लगाउँदै 'लगभग कसैले पनि' स्वेच्छाले उपस्थित नहुने बताउनुभयो।

# सन् २०२४ को पहिलो दुई महिनामा चीनको निर्यातमा वृद्धि

एएफपी

बेइजिङ। सन् २०२४ को पहिलो दुई महिनामा चीनको निर्यात तीव्र गतिमा बढेको सरकारी तथ्याङ्कले बिहीबार देखाएको छ ।विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनले आर्थिक पुनरुत्थानका लागि संघर्ष गरिरहेका समय निर्यातमा देखिएको वृद्धिले नीति निर्माताहरूलाई प्रोत्साहन मिलेको छ।


विदेशी ढुवानीले लामो समयदेखि देशको आर्थिक वृद्धिको प्रमुख चालकको रूपमा काम गर्दै आएको छ । वैदेशिक निर्यातले विनिर्माण क्षेत्रको ठूलो रोजगारीलाई सुरक्षा प्रदान गर्दछ ।जनवरी र फेब्रुअरीमा निर्यात ७.१ प्रतिशतले बढेको छ। यसले विश्लेषकहरूको ब्लुमबर्ग सर्वेक्षणमा १.९ प्रतिशतको पूर्वानुमानलाई गलत सावित गरिदिएको चिनियाँ सामान्य भन्सार प्रशासनले बताएको छ।

चीनले आफ्नो कडा शून्य-कोभिड उपायहरूलाई अन्त्य गर्दै सामान्य जनजीवनमा फर्कैको गत वर्षको जनवरी-फेब्रुअरीको तुलनात्मक आधारमा यो ठूलो वृद्धि हो।

चीनमा वैदेशिक निर्यातमा लगातार छ महिनाको सङ्कुचनपछि नोभेम्बरदेखि यसमा सामान्य वृद्धि भइरहेको छ ।यद्यपि, मुद्रास्फीति र उच्च ब्याज दरका कारण विश्वव्यापी आर्थिक परिदृश्यको बारेमा चिन्ताले चिनियाँ सामानहरूको मागलाई कम गरिरहेको छ।

वाणिज्यमन्त्री वाङ वेन्ताओले बेइजिङमा आयोजित एक प्रमुख राजनीतिक भेलाका क्रममा बुधबार हालैको पुनरुत्थानलाई स्वीकार गर्दै 'सुधारको समग्र प्रवृत्ति माथि उठिरहेको' बताउनुभयो । तर उहाँले मार्चमा यसमा गिरावट आउनसक्ने चेतावनी दिनुभएको छ।

हालैका वर्षहरूमा वासिङ्टनसँगको बढ्दो भूराजनीतिक तनावका कारण चीनको व्यापार प्रदर्शन प्रभावित बन्ने गरेको छ। यसले पश्चिमी फर्महरूलाई



चीनमाथिको निर्भरता कम गर्न उत्प्रेरित गरेको छ।

डिसेम्बरमा ०.२ प्रतिशतले वृद्धि भएको आयात पनि जनवरी-फेब्रुअरीमा ३.५ प्रतिशतले बढेको छ। ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले यो अवधिमा आयात २.० प्रतिशतले वृद्धि हुने अनुमान गरेका थिए ।यसअघि चीनले ११ महिनाका लागि आयातमा नियन्त्रण गर्दै मुद्रास्फीतिलाई थप भयावह बन्नबाट जोगाएपछि अक्टोबरदेखि निर्यात दर केही सम्हालिएको थियो।

सन् २०२३ मा चीन र रूसबीचको व्यापार उच्च विन्दुमा पुगे पनि पहिलो दुई महिनामा रूसबाट हुने आयात कम बलियो बनेको थियो ।सन् २०२१ को अप्रिलयताको सबैभन्दा कमजोर प्रदर्शन गर्दै चीनका लागि रूसबाट हुने निर्यातमा ६.७ प्रतिशतले वृद्धि भएको छ।

चीनको व्यापार अधिशेष पहिलो दुई महिनामा १२५.१ अर्ब अमेरिकी डलर रहेकोमा डिसेम्बरमा ७५.३ अर्ब डलर पुगेको छ।

# राष्ट्रिय महिला भलिबलको उपाधि एपिएफलाई




टुडे समाचारदाता

रामपुर । पाल्पाको रामपुर नगरपालिकामा सञ्चालन भएको प्रथम लुम्बिनी कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि विभागीय टिम सशस्त्र प्रहरी बल (एपिएफ)ले हात पारेको छ । बुधबार भएको फाइनल खेलमा बागमती प्रदेशलाई ३-२ सेटले पराजित गर्दै एपिएफले उपाधि चुमेको हो।

फाइनल खेलमा एपिएफले पहिलो र दोस्रो सेट १८-२५, १७-२५ अङ्कका साथ गुमाएको थियो । तेस्रो, चौथो र पाँचौं सेटमा २५-१९, २५-१७ र १८-१६ अङ्कसहित जित निकाल्दै एपिएफले उपाधि हात पार्न सफल भएको हो।

एपिएफसँग फाइनल खेलमा प्रतिस्पर्धा गरेको बागमती उपविजेता बनेको छ। प्रतियोगितामा लुम्बिनी प्रदेशले तृतीय स्थान ओगटेको छ । कोशीलाई ३-० को सोझो सेटमा हराउँदै लुम्बिनीले तृतीय स्थान ओगट्न सफल भएको हो । लुम्बिनीले २५-१०, २५-१६ र २५-२२ अङ्कका साथ जित हात पारेको छ भने यससँगै कोशी प्रदेशले सान्त्वना स्थान हासिल गरेको छ ।प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समूहलाई क्रमशः नगद रु दुई लाख ५० हजार, एक लाख ५० हजार, ७५ हजार र ३५ हजारसहित साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा एपिएफका सरस्वती चौधरी उत्कृष्ट खेलाडी घोषित भएका छन् । एपिएफका निरुता थगुन्ना उत्कृष्ट सर्भर, महेश चौधरी उत्कृष्ट कोच, बागमतीका प्रगतिनाथ उत्कृष्ट सेटर, सलिना श्रेष्ठ उत्कृष्ट डिफेन्डर, सुमित्रा रेग्मी उत्कृष्ट ब्लकर र लुम्बिनीका मीना सुनार उत्कृष्ट स्पाइकर भएका छन् ।लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीले पुरस्कार वितरण गर्दै रामपुरमा राष्ट्रियस्तरको खेल हुनु महत्त्वपूर्ण कुरा रहेको बताए । उनले खेलाडीलाई बौद्धिक सम्पत्तिको रूपमा लिनु आवश्यक रहेको बताएका छन् । लुम्बिनी प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठले पूर्वाधारको अभावमा राष्ट्रियस्तरका अन्य खेल सञ्चालनमा समस्या भएको जनाउँदै पूर्वाधार निर्माणमा जोड दिने प्रतिबद्धता जनाए।

प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्यसचिव जयप्रकाश भट्टराई, रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापा, रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारी, अन्तर्राष्ट्रिय बिपी चिन्तन प्रतिष्ठानका अध्यक्ष सन्दीप राना, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक घिमिरेलगायतले सदरमुकामबाट टाढा रहेको रामपुरमा राष्ट्रियस्तरको खेलकुदले यस क्षेत्रको पहिचानका साथै पर्यटन तथा आर्थिक क्षेत्रमा महत्त्वपूर्ण टेवा पुग्ने बताएका छन् ।जिल्ला भलिबल सङ्घ पाल्पाको आयोजना, प्रदेश खेलकुद परिषद् लुम्बिनीको प्रवर्द्धन तथा प्रायोजन, नेपाल भलिबल सङ्घको संयोजन, जिल्ला खेलकुद विकास समिति पाल्पा र प्रदेश भलिबल सङ्घ लुम्बिनीको समन्वय, रामपुर नगरपालिकाको संरक्षण, रामपुर उद्योग वाणिज्य सङ्घको प्रवर्द्धनमा प्रतियोगिता भएको हो । गत फागुन १८ गतेदेखि छ दिनसम्म भएको खेलमा आठ समूहको सहभागिता रहेको थियो । रामपुरमा पहिलोपटक राष्ट्रियस्तरको खेल आयोजना भएकाले पनि यस क्षेत्रका स्थानीयमा खेल क्षेत्रमा उत्साह थपिएको छ।

# निक्की हेली अमेरिकी राष्ट्रपति चुनावको दौडबाट बाहिर

वासिङ्टन । अमेरिकी राष्ट्रपति चुनावको दौडबाट निक्की हेलीले आफ्नो नाम फिर्ता लिएकी छिन् । हेलीको बहिर्गमनलाई प्रभावकारी रूपमा सन् २०२४ को राष्ट्रपतीय निर्वाचनको सुरुवात मानिएको छ। अब राष्ट्रपतिको अन्तिम दौडमा रिपब्लिकन पार्टीका तर्फबाट डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीका जो बाइडेनबिच प्रतिस्पर्धा हुने लगभग निश्चित छ।

तर हेलीले रिपब्लिकन नेता डोनाल्ड ट्रम्पलाई चेतावनी दिँदै भनिन्, 'अब यो डोनाल्ड ट्रम्पको हातमा छ कि उहाँलाई हाम्रो पार्टी र त्यसभन्दा बाहिरका भोट कसरी ल्याउनुहुन्छ। मलाई आशा छ कि उहाँले यो हासिल गर्न सक्नुहुनेछ।'

तर यी सबैको बिचमा एउटा नयाँ प्रश्न




छ- हेलीका मतदाताले उनी पछि कसलाई भोट दिनेछन् ? दक्षिण क्यारोलिनाका पूर्व गभर्नर हेलीलाई समर्थन गर्ने ट्रम्पविरोधी रिपब्लिकन र स्वतन्त्र उम्मेदवारहरूको समूहको मत ट्रम्पलाई मनोनयनबाट हटाउन पर्याप्त थिएन।

तर, हेलीको समर्थनमा यिनै मानिसहरूका साथै कलेजका शिक्षक र हेलीलाई दुईवटा प्राइमरी जिताउन भूमिका खेल्ने उपनगरीय मतदाता सँगै मिलेर अघि बढ्ने हो भने यो सङ्ख्या उल्लेखनीय हुन सक्छ।

ऐतिहासिक रूपमा, यी समूहहरूलाई चुनावमा प्रभाव पार्न सक्ने ठुलो शक्ति मानिन्छ।निक्कीले छाडेका मतदाताले अब राष्ट्रपति चुनावमा महत्त्वपूर्ण भूमिका खेल्ने विज्ञहरूको विश्वास छ । रिपब्लिकन रणनीतिकार केभिन म्याडेनले भने, 'यो चुनावको निर्णय यिनै मतदाताहरूले गर्नेछन्।'

# म्याग्दीका वन पाखामा फक्रंदै सिमल



म्याग्दी ।

‘भर्खर माया बसेको बेलैमा
हिँड्नु पर्‍यो नौतुना रेलैमा

तिम्लाई छोडी हिँडेको दिन
रोएको मन बुझाउनै सकिन

सिमल फुलेको
भुल्यौ क्यारे मायाले सँगै
डुलेको’

गायकद्वय ऋषि अधिकारी र शर्मिला गुरुङको स्वर रहेको यो गीतको टुक्काले त बिछोडको पल सम्झाउँछ । यतिखेर म्याग्दीको बेनी र वरपरका पाखा पखेरामा फक्रँदै गरेको सिमलको फूल देख्दा भने विछोडका हरेक पल बिर्सिएर मनै प्रफुल्ल हुन्छ ।

वसन्त ऋतुको सुरुआत । हिउँदको खडेरीले सुकेको पाखामा पालुवा हाल्ने तयारीमा रहेका बिरुवा । कोइलीको मनमोहक कुहुकुहु आवाज । अनि म्याग्दी र कालीगण्डकी नदी वारपारका सडकछेउ तथा पाखामा फुलेको सिमल। यसैले बिर्साइदिन्छ जोकोहीको बिछोडको पल र प्रफुल्ल बनाइदिन्छ मन । अग्ला रुखमा फुलेको सिमलले पहाडको बैंसीलाई रङ्गिन र मनमोहक बनाएको छ। यतिखेर यो बाटो हुँदै बेनी र जोमसोम गर्ने आन्तरिक एवं विदेशी पर्यटक पनि सिमलको फूल हेर्दै कोइलीको आवाज सुन्दै रमाइरहेका छन् । कतिपय यस्तो वातावरणमा एकान्तको मज्जा लिन पनि आएका छन् ।

सिमलको फूलको रातो रङमा गाढा खैरोमा कलेजी सिमाना देखिन्छ । भित्रपट्टि गाढा रातो रङका पाँच वटा पुष्पपत्र हुन्छन् । डिभिजन वन कार्यालय म्याग्दीका सहायक वन अधिकृत चन्द्रमणि सापकोटाका अनुसार म्याग्दीमा कडा रातो र रातोमा हल्का पहेँलो रङ मिसिएको फूल फुल्ने दुई जातका सिमल पाइन्छ । यो सिमल फूल्ने मौसम भएकाले म्याग्दीका वनपाखाहरु सुन्दर देखिएका छन् ।

केही समयपछि लाली गुराँस फुलेर मनमोहक देखिने यहाँका वन पाखामा अहिले रातो रङमा फुलेको सिमलले सुन्दर बनाइदिएको छ । बाटो किनारमा ढकमक्क फूलेको फूल देखेपछि मानिसहरु सवारी रोकेर सिमलसँगै तस्बिर लिएर जाने गरेका छन् ।

सिमल दुर्लभ नै वनस्पति त होइन तर अन्य वनस्पतिझैँ जताततै पाइने सर्वसुलभ पनि होइन । समुद्री सतहदेखि एक हजार ४०० मिटरको उचाइमा पाइने सिमलको वैज्ञानिक नाम ‘बम्बाक्स सेइबा’ हो । वनस्पतिविद् कमल मादेनका अनुसार सन् १७५३ मा प्रकाशित स्पेसिस प्लान्टारम् पुस्तक अनुसार स्वीडेनका वनस्पतिविद् एवम् जीवशास्त्री कार्ल लिन्नियसले यो नाम जुराएका थिए ।नेपालसहित दक्षिण एसियाका सबैजसो देश, चीन, इन्डोनेसिया, लाओस, मलेसिया, म्यान्मार, फिलिपिन्स आदि मुलुकमा सिमल पाइन्छ । मध्यरातपछि बिहानसम्ममा फक्रने सिमलको फूलको जैविक विशेषता हो ।

फूलको रस चुस्न रातमा चमेरो र बिहानीपख चराहरू झुम्मिन्छन् । सिमलको फूल मौरीको पनि आहरा हो । ‘बर्डस् एसोसिएटेडविद् रेड सिल्क-कटन ट्री, अम्रावती डिष्ट्रिक्ट’ महाराष्ट्र शीर्षकको २०१९ जनवरीमा प्रकाशन भएको अनुसन्धानात्मक लेखका अनुसार सिमलको फूलमा ८१ प्रजातिका चरा आकर्षित भएको पाइएको थियो । सिमल फूलको पुष्पपत्रलाई तरकारी तथा अचार बनाएर खाने प्रचलन रहेको म्याग्दीको बेनी नगरपालिका-४ सिंगाका ७० वर्षीय ताराप्रसाद पौडेलले बताउनुभयो । उहाँका अनुसार अघिल्लो पुस्तासम्म कपासबाट बनेका कपडा सहजरुपमा उपलब्ध नहुँदा सिमलको भुवा सङ्कलन गरेर सिरानी, सिरक, डसना बनाउने गरिन्छ ।

हिजोआज सिमलको भुवा प्रयोग कमै मात्र हुन्छ । कपास सहजै पाइन थालेपछि सिमलको भुवाको प्रयोग घटेको हो । सिमलको बोक्रालाई दहीमा मिसाएर उपभोग गर्दा शरीरमा गर्मीका कारण उत्पन्न हुने स्वास्थ्य समस्या निको हुने सहायक वन अधिकृत सापकोटाले बताउनुभयो । सिमलको डाँठ र मुना लाग्दै गरेको पातमा चिप्लो मात्रा धेरै हुन्छ । सिमलको पात निचोरेर काटेको ठाउँमा दल्दा चाँडै निको हुने गरेको बूढापाका बताउँछन् । टाउको दुख्दा सिमलको पातको रस एक/दुई चम्चा पिउँदा आराम मिल्छ । सन् २००२ मा प्रकाशन भएको ‘प्लान्ट्स एण्ड पिपल अफ नेपाल’ पुस्तकमा नारायणप्रसाद मानन्धरले सिमलको बोक्रा पिसेर छानिएको झोल खोकी र अपचको समस्यामा उपयोगी हुने उल्लेख गर्नुभएको छ ।

मानन्धरको लेखमा सिमलको जरा गुलियो हुने उल्लेख छ । कलिलो जरा पिसेर बनाएको रसले बन्द भएको पिसाब खुलाउँछ । ज्वरोमा पनि जराको रस सेवन गराइन्छ । गाउँघरमा गोठाला र खेताला जाँदा कलिलो सिमलको घोगालाई फलको रुपमा उपभोग गर्ने गरेको बेनी नगरपालिका-४ सिंगाका तेजबहादुर बानियाले बताउनुभयो । बाल्यकालमा अग्लो रुखबाट ढुङ्गा र लौरोले झटारो हानेर सिमलको घोगा झारेर खाएको उहाँले सम्झनुभयो । पालुवा खेल्ने बैशाखको अन्तिमतिर सिमलको घोगा पाकेर घुवा निस्कने गर्छ । सिमलको भुवा उडाएर वरपरका पाखा सेताम्मे हुन्छन् ।

अनुसन्धानात्मक लेखमा सिमलको बोक्रा तथा काण्डको पाउडरलाई दमको उपचारमा पनि प्रयोग गर्न सकिने बताइएको छ । महिनावारी गडबडी भएका महिलालाई सिमलको बोक्रा र फूलको मुख्य भाग मिसाएर सेवन गराउँदा फाइदा हुने अनुसन्धानमूलक लेखहरुमा उल्लेख छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत वनस्पति विभागका नरहरि आचार्य र राजेश तामाङले सन २०१७ मा प्रकाशन गर्नुभएको ‘इथ्नोबोटानी अन चेपाङ कम्युनिटी इन नेपाल’ पुस्तकका अनुसार, चेपाङ समुदायले पेट दुख्ने, आउँको समस्यामा सिमलको फूल र खोटो प्रयोग गर्छन । सिमलको विभिन्न भागलाई यो समुदायले औषधिका रूपमा प्रयोग गर्छ ।

समाजको अनुभव र अध्ययन अनुसन्धानहरुले सिमल औषधिजन्य जडीबुटी रहेको बुझिन्छ । सिमलको उपयोगिताको विषयमा विस्तृत अनुसन्धान गर्नुपर्ने डिभिजन वन कार्यालय म्याग्दीका सहायक वन अधिकृत विनय अधिकारीले बताउनुभयो । वनस्पती र चराको सम्बन्धको अध्ययन गर्ने हो भने सिमलको रुखमा मात्र गिद्ध र चिल प्रजातिका पन्छीले गुँड लगाउने गर्दछन् । यी पन्छीले आफ्ना बासस्थानका लागि सिमलको रुख सुरक्षित ठान्ने गर्दछन् । अग्ला हुने सिमलको रुखमा बनाएको गुँडलाई गिद्ध र चिलले सुरक्षित मान्ने गर्छन् ।

गिद्धका अनुसन्धानकर्ताहरु अरु रुखमा हाँगा धेरै हुने र गिद्धका पखेटा ती हाँगामा ठोकिने भएकाले हाँगा धेरै नहुने र अग्ले हुने भएकाले सिमलमा गुँड बनाउन रुचाउने बताउँछन् । त्यसैले गिद्धको संरक्षणका लागि सिमलका रुख काट्न प्रतिबन्ध लगाइनुपर्ने उनीहरुको भनाई छ । सिमलको काठ केही वर्षअघिसम्म सलाई उद्योगमा प्रयोग हुने गरेको थियो ।

सलाईको वैकल्लिक साधनको विकास भएपछि प्रयोग घटेको छ । तर पनि दाउरा र काठका रुपमा पनि सिमल उत्तम ठानिन्छ । सिमलबाट बनेका फर्निचर हल्का हुने भएकाले पनि उपयुक्त ठानिएको छ ।

सुरिला सिमलको रुख खोपेर पानी घट्ट र नहर बनाउन नमिल्ने ठाउँमा डुढ बनाउने पनि गरिएको छ । पलास्टिकको पाइप उपलब्ध हुन थालेपछि सिमलको रुखको डुँढ बनाउन छाडिएको यसका प्रयोगकर्ताहरु बताउँछन् । सिमलको भुवा अरुका तुलनामा नरम र न्यानो हुन्छ । त्यसैले यसको सिरानी र सिरक बनाउन बढी प्रयोगमा ल्याउने गरिएको छ । हल्का खालको सिरक र सिरानी बनाउनका लागि यसको प्रयोग गर्ने गरिन्छ । सिमलको भुवाले बनाएको सिरक अरुका तुलनामा बढी न्यानो र हल्का पनि हुने गर्दछ ।रासस

# गुणस्तरहीन मदिरा बिक्रीवितरण तथा सेवन गर्न प्रतिबन्ध




टुडे समाचारदाता

बेनी । म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतीमा गुणस्तरहीन मदिरा बिक्रीवितरणमा रोक लगाइएको छ। गाउँपालिकाले बनाएको मदिरा नियन्त्रण तथा नियमनसम्बन्धी ऐनअनुसार वडाले बजार क्षेत्रबाट भित्रने न्यून गुणस्तर भएका मदिरालाई बिक्रीवितरण र सेवन गर्न प्रतिबन्ध लगाएको हो । वडाभित्र व्यापार व्यवसाय गर्ने र बजारबाट सामान ल्याएर बिक्री गर्ने व्यवसायीलाई न्यून गुणस्तर भएका करुवा, भुण्टी, सगुन, सौफीलगायतका मदिरा बिक्रीवितरण गर्न रोक लगाइएको रघुगङ्गा -२ का वडाध्यक्ष अमृत भण्डारीले जानकारी दिए । उनका अनुसार अटेर गरी लुकीछिपी गुणस्तरहीन मदिरा बिक्री गर्ने व्यवसायीको अनुगमन गरेर कारबाही गर्न थालिएको छ ।

बुधबार भगवतीमा सवार ीसाधनमा खाद्यान्नलगायतका सामग्रीसँग लुकाएर कमसल मदिरा बिक्रीवितरण गर्न पुगेको बेनी नगरपालिका-८ कालिपुलमा रहेको बिक्की एण्ड बदर्शलाई रु १० हजार जरिवाना गरिएको वडाध्यक्ष भण्डारीले जानकारी दिए । उक्त फर्मका व्यवसायीबाट विभिन्न कम्पनीका एक सय बोत्तल मदिरासमेत जफत गरिएको छ ।गाउँपालिकाले बनाएको ऐनमा यसरी सवारीसाधनबाट सामान ढुवानी गरेर लुकीछिपी गुणस्तरहीन मदिरा बिक्रीवितरण गर्नेलाई पहिलोपटकका लागि रु १० हजार, दोस्रोपटकका लागि रु २५ हजार, तेस्रोपटकका लागि रु ५० हजार र चौथोपटकमा सवारीसाधन नै जफत गर्ने कानुनी कारबाहीको व्यवस्था गरिएको छ । “स्वास्थ्यमा गम्भीर असर गर्ने, सस्तो मूल्यमा पाइने भएकाले कुलतमा फसाउने समस्या बढ्दो क्रममा रहेकाले हामीले गुणस्तर न्यून भएका मदिराको बिक्रीवितरणमा रोक लगाएका छौँ, नियम पालनाबारे नियमित अनुगमन पनि भइरहेको छ, कसैले लुकाएर बिक्रीवितरण गरे कारबाही गर्न थालेका छौँ”, उनले भने । भगवतीमा गत पुस २५ गतेदेखि वडा समितिले मदिराजन्य पदार्थ र सुर्तीजन्य पदार्थको बिक्रीवितरणका लागि मापदण्ड र कार्यविधिलाई लागू गरिएको थियो ।

उक्त व्यवस्थाको कार्यान्वयनका लागि वडाध्यक्षको नेतृत्वमा भगवती प्रहरी चौकीका प्रतिनिधि, वडा सचिव, वडा सदस्य, होटल व्यवसायीका प्रतिनिधि र समाजसेवी सम्मिलित टोलीले अनुगमन गर्ने प्रबन्ध गरिएको छ । बजारबाट भित्रने न्यून गुणस्तरका मदिराका कारण दलित समुदायमा महिलासमेत कुलतमा फसेको, पारिवारिक विखण्डन सिर्जना गरेको, जनधनको क्षति, विभिन्न जटिल स्वास्थ्य समस्या बढ्दो क्रममा रहेकाले बिक्रीवितरण र सेवन गर्न प्रतिबन्ध नै लगाउनुपरेको वडा कार्यालयले जनाएको छ । यस वडामा १८ वर्ष नपुगेका बालबालिकालाई मदिरा र सुर्ती-चुरोट बिक्रीवितरण गर्न नपाइने नियमलाई समेत कडाइ गरिएको छ । रघुगङ्गा गाउँपालिकाको वडा नं ५ झिँमा गाउँपालिकाले बनाएको मदिरा नियन्त्रण तथा नियमनसम्बन्धी ऐनकै व्यवस्थामा टेकेर आयातित मदिरा बिक्रीवितरणमा पूर्णरूपमा रोक लगाइएको छ। गाउँपालिकाले स्थानीयस्तरमा उत्पादन हुने मदिराको गुणस्तर मापन गरेर ब्राण्डिङ गर्ने कार्यलाई अघि बढाउने योजना बनाएको जनाएको छ ।

# कृषि उपजको समर्थन मूल्य प्रदान




टुडे समाचारदाता

कास्की । पोखरा महानगरपालिकाले उत्पादन लागतमा नोक्सानी व्यहोरेका १६ कृषि फार्मलाई न्यूनतम समर्थन मूल्य प्रदान गरेको छ । महानगरपालिकाले विभिन्न ३५ प्रकारका कृषि उपजको समर्थन मूल्य तोकेको छ । पोखरामा बुधबार आयोजित कार्यक्रममा महानगर प्रमुख धनराज आचार्यले किसानलाई रकम प्रदान गरेका हुन् । महानगरले ६० हजार चार सय ४१ केजी च्याउ, २५ हजार चार सय १७ केजी गोलभैंडा, नौ हजार पाँच सय २० केजी सिमी र दुई सय ९१ केजी कोदो गरी ९५ हजार छ सय ६९ केजी कृषि उपजको रु २६ लाख ७९ हजार सात सय ६१ समर्थन मूल्य प्रदान गरेको हो ।

पोखरा महानगरपालिकाभित्र उत्पादन भएका तर तोकिएको मूल्य नपाएका किसानलाई प्रोत्साहनका लागि समर्थन मूल्य प्रदान गरिएको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले बताए ।

उहाँका अनुसार बाहिरबाट आउने उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्दा किसान विस्थापित हुँदै गएकाले त्यसलाई रोक्न महानगरले ३५ कृषि उपजको समर्थन मूल्य तोकेको उल्लेख गरे ।

यदि किसानले आफ्ना उत्पादन समर्थन मूल्यभन्दा कममा बेच्नुपरेमा महानगरले बाँकी रकम किसानलाई दिन्छ । न्यूनतम समर्थन मूल्य तोकिएका बालीको दाबी गर्नका लागि किसानले आफूले लगाएको बालीको नाम, जात र क्षेत्रफल अग्रिमरूपमा दर्ता गर्नुपर्छ ।

न्यूनतम समर्थन मूल्य प्राप्त गर्ने किसानमा चिसापानी च्याउ फार्म पोखरा-२२ का सन्दीपबहादुर क्षेत्रीले समर्थन मूल्यबापत ११ हजार एक सय ६६ केजी च्याउको रु चार लाख ८५ हजार नौ सय ४० प्राप्त गरे ।

भुर्जत्ेला च्याउ फार्म पोखरा-१९ का सुष्मा सुनार गहतराजले सात हजार पाँच सय ६० केजी च्याउको रु तीन लाख ६२ हजार नौ सय २०, शोभा अर्ग्यानिक मल्टिएग्रो फार्म पोखरा-२६ का मुकुन्द खड्काले नौ हजार सात सय १४ केजी च्याउको रु तीन लाख १७ हजार ४४, ग्रिन लाइम मसरुम फार्म पोखरा-२४ का चोविन्द्रबहादुर कुँवरले रु तीन लाख एक हजार सात सय ४० पाएका छन् ।

यसैगरी सुवेदी च्याउ तथा तरकारी फार्म पोखरा-३३ का प्रताप सुवेदीले नौ हजार एक सय १३ केजी च्याउको रु तीन लाख आठ सय २२, काँहु सिस्नेरी एग्रो फार्म पोखरा-११ का ध्रुवबहादुर थापाले पाँच हजार दुई सय २५ केजी च्याउको रु एक लाख ७४ हजार दुई सय २६, भोर्लेटार च्याउ उद्योग पोखरा-३२ का मनोरञ्जन पौडेलले छ हजार दुई सय तीन केजी च्याउको रु एक लाख ६८ हजार सात सय छ पाएका छन् ।

अधिकारी अर्ग्यानिक च्याउ फार्म पोखरा-१४ का मीना अधिकारीले दुई हजार सात सय २४ केजी च्याउको रु ८३ हजार चार सय ४४ र विमु अधिकारी च्याउ फार्म पोखरा-१४ का हरिमाया अधिकारीले एक हजार दुई सय ५६ केजी च्याउको रु ४९ हजार छ सय महानगरबाट समर्थन मूल्य प्राप्त गरेका हुन् ।

यसैगरी एसके कँडेल कृषि फार्म पोखरा-२८ का सन्तोष कँडेलले तीन हजार नौ सय ५० केजी सिमीको रु ६९ हजार नौ सय ५०, पोखरा कुखुरा तथा कृषि फार्मका रिलेस बस्यालले तीन हजार छ सय ७० केजी सिमीको रु ६२ हजार आठ सय ९०, राति पोखरी कृषि फार्म पोखरा-२२ का अग्निमाया बरालले आठ सय २५ केजी सिमीको र एक हजार सात सय ५४ केजी गोलभैंडाको रु ३५ हजार चार सय २१, निलम कृषि फार्म पोखरा-१४ का यामबहादुर घर्तीले दुई हजार ६७ केजी गोलभैंडाको रु २३ हजार चार सय ७५ बुझे ।रोशन एण्ड रोहित कृषि फार्म पोखरा-१४ का रमेश खनालले २१ हजार तीन सय १४ केजी गोलभैंडाको रु दुई लाख १९ हजार तीन सय २९, पोखरा हिमाल कृषि फार्म पोखरा-१४ का बुद्ध गुरुङले एक हजार ७५ केजी सिमी र दुई सय ८२ केजी गोलभैंडाको रु १५ हजार पाँच सय २४ र हरियाली कृषि फार्म पोखरा-३३ का शुकदेव सुवेदीले दुई सय ९१ केजी कोदोको रु आठ हजार सात सय ३० पाए ।

किसानलाई समर्थन मूल्य प्रदान गर्दै प्रमुख आचार्यले महानगरपालिका किसानको साथमा रहेको बताए । “कृषि उपजको सुरक्षित ढुवानीका लागि सञ्चालन गरिएको कृषि एम्बुलेन्स र समर्थन मूल्य कृषि व्यवसाय र किसानका लागि निकै महत्त्वपूर्ण छन्”, प्रमुख आचार्यले भने ।कृषि व्यवसायमा लागेका किसान हतोत्साहित हुन नपरोस् भनी यसलाई थप प्रभावकारी बनाइएको महानगरले जनाएको छ । समर्थन मूल्य प्राप्त गरेपछि किसानले कृषि व्यवसायका क्रममा आफूले व्यहोर्नुपरेको नोक्सानीमा मल्हम लगाउन महानगरपालिका सारथी बनेको र यसले आफूहरूलाई प्रोत्साहन मिलेको किसानहरूको भनाइ छ ।

# भन्सार छली भित्र्याइएका सामान बरामद

टुडे समाचारदाता

लुम्बिनी । रुपन्देही प्रहरीले भारतबाट नेपालतर्फ भन्सार छली चोरी पैठारी गरी ल्याइएको सामान बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीको टोलीले बुधबार रुपन्देहीको कालिदह नाकाबाट भन्सार छली नेपाल भित्र्याइएको प्याज र जिल्लाको धकधही क्षेत्रबाट विभिन्न उपभोग्य सामान बरामद गरेको छ ।प्रहरी टोलीले लुम्बिनी सांस्कृतिक नगरपालिका-१ कालिदहबाट एक सय ४० बोरा प्याज बरामद गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए । उक्त प्याज मोटसाइकल र साइकलमा ढुवानी गरी गोदाम गरिरहेका अवस्थामा बरामद गरिएको उहाँले जानकारी दिए । बरामद गरिएका चार मोटरसाइकलमध्ये एउटा भारतीय नम्बरप्लेट र तीन नेपाली नम्बरप्लेटका छन् । त्यस्तै सातवटा साइकल बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद गरिएको प्याज, मोटरसाइकल र साइकल आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहियामा पठाइएको प्रनाउ भट्टले बताए ।

यस्तै भारतबाट नेपालतर्फ अवैधरूपमा भन्सार छली चोरी पैठारी गरी ल्याइएको उपभोग्य सामान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको टोलीले मङ्गलबार रोहिणी गाउँपालिका-३ स्थित धकधईबाट अन्दाजी रु दुई लाखबराबरको सामान बरामद गरेको हो ।प्रहरीले बरामद गरेको सामानमा फागुपूर्णिमाका लागि आवश्यक पर्ने पिच्कारी, रङ, बेलुन, जुत्ता र चप्पल, टिसर्टलगायत छन् । बरामद गरिएको सामान आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहिया पठाइएको प्रनाउ भट्टले जानकारी दिए ।


## सुखीपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### सुखीपुर,सिरहा
### मधेश प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति :- २०८०/११/२५)

यस कार्यालयद्वारा मिति २०८०/१०/१७ गतेका दिन “जनकपुर टुडे“ राष्ट्रिय दैनिक पत्रिका र PPMOÚs e–GP System www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान गरिए बमोजिम निर्धारित समय अवधि भित्र रीतपुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताले पेश गरेको कबोल अंक न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | दरभाउपत्र दाताको नाम, ठेगाना | कबोल अंक |
|---|---|---|---|
| १ | SM/W/03/080/081 | श्री सुनकोशी निर्माण सेवा, संगम-११ त्रियुगा, उदयपुर। | रु.६४,०९,८९४।०० |
| २ | SM/W/04/080/081 | श्री बरुण कन्स्ट्रक्सन धनगढीमई १३ सिरहा र जय गढीमाई कन्सट्रक्सन जे.भी. धनगढीमाई ५ सिरहा। | रु.६५,९९,२४१।२० |

प्रमुख प्रशासकीय अधिकृत

# उखु अभावमा चिनी मिल बन्द



टुडे समाचारदाता

मलंगवा । उखुको अभावमा सर्लाही र महोत्तरीमा रहेका चिनी उद्योग बन्द हुने अवस्थामा पुगेको छ । आवश्यकता अनुसार उखु उपलब्ध नहुँदा 'नो क्यान' चिनी उद्योगहरू बन्द हुन थालेका छन् । सर्लाहीको गोडैतास्थित महालक्ष्मी चिनी उद्योग उखु अभावका कारण बन्द भएको छ।

उद्योगमा आएका १२ लाख ३९ हजार क्विन्टल उखु पेलेर उद्योग बन्द गरिएको उद्योगका उखु प्रबन्धक पवन सिंहले बताए। "उखु अभाव भएपछि आइतबार रातिदेखि उद्योग बन्द गरिसकेका छौं," उखु प्रबन्धक सिंहले भने।

यता हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योग पनि 'नो क्यान' मा सञ्चालन भइरहेको छ । किसानले उद्योगमा उखु ल्याउन छाडेपछि यस्तो अवस्था आएको छ।

चार दिनदेखि उद्योगमा 'नो क्यान' सुरु भएको उद्योगका उखु प्रबन्धक योगनारायण रजकले जानकारी दिए । "विगत चार दिनदेखि उद्योगलाई चाहिएजति उखु आउन छाडेको छ," उखु प्रबन्धक रजकले भने, "उखुको अभाव भएपछि उखु क्रसिङ गर्ने दुई वटा मिलमध्ये एउटा ठूलो मिल मात्रै सञ्चालन गरेका छौं।"

इन्दुशङ्करसँग दैनिक ३५ हजार क्विन्टल र १५ हजार क्विन्टल उखु क्रसिङ गर्ने क्षमता भएका दुई वटा मिल छन् । त्यसमध्ये ३५ हजार क्विन्टल क्षमताको मिल सञ्चालन गरिरहेको उद्योगले जनाएको छ।

किसानको खेतमा उखु सकिन लागेकाले अब फागुनभित्रै उद्योग बन्द गर्ने तयारी गरिएको उखु प्रबन्धक रजकले बताए । उनका अनुसार इन्दुशङ्करले २७ लाख ८५ हजार क्विन्टल उखु क्रसिङ गरिसकेको छ।

यस्तै निकै ढिलो गरी फागुन पहिलो साताबाट सञ्चालनमा आएको धनकौलस्थित अन्नपूर्ण चिनी उद्योग किसानले उखु ल्याउँदा सञ्चालन हुने र उखु नहुँदा बन्द हुने गरेको छ। "हाम्रो मिल निकै ढिलो गरी सञ्चालन भयो त्यसैले पर्याप्त उखु पाएनौं," उद्योगका सञ्चालक शैलेन्द्र गुप्ताले भने, "जे जति उखु आउँछ, त्यो सबै पेलेर केही दिनभित्रैमा फ्याक्ट्री बन्द गर्छौं।" जिल्लाका तीन वटै चिनी उद्योगले यो वर्ष किसानलाई उद्योगमा ल्याएर उखु बुझाएको एक हप्तादेखि १५ दिनभित्रमा भुक्तानी दिइरहेको दाबी गरेका छन्।

यसैबिच महोत्तरीको रामनगर स्थित एभरेस्ट चिनी मिलमा उखु अभाव भएको छ । आवश्यक उखु आपूर्ति हुन नसक्दा मिल पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। महाप्रबन्धक सुरेन्द्र शुक्लाका अनुसार क्षमता अनुसार मिल सञ्चालन हुन दैनिक ४० हजार क्विन्टल उखु आवश्यक पर्छ। त्यसबाहेक पनि कारखाना परिसरमा १० हजार क्विन्टल उखु जगेडा चाहिन्छ।

एभरेस्टले पुस ४ गतेदेखि क्रसिङ सुरु गरेको थियो। फागुन तेस्रो सातादेखि दैनिक २० देखि २५ हजार क्विन्टल उखु मात्र आउन थालेपछि शुक्रबारदेखि 'नो क्यान' भएको उनले बताए। 'नो क्यान' भएदेखि दुई दिन बिराएर मिल चल्न थालेको छ । यो अवस्थाले चिनी उत्पादन प्रभावित हुनुका साथै कारखानाले दैनिक लाखौं मूल्य बराबरको क्षति बेहोर्नु परेको प्राविधिकले जनाएका छन्।

कुनै पनि कारणले एक दिन क्रसिङ रोकिँदा चिनी बन्ने प्रक्रियामा रहेको ३० हजार लिटरभन्दा बढी उखुको रस (क्यान जुस) र स्टिम बनाउने इन्धन खेर जान्छ । श्रमिक र उत्पादन लागतसमेत बढ्न गई उद्योगले दैनिक १० लाख जतिको क्षति बेहोर्नुपर्ने प्राविधिक शाखाले जनाएको छ।

आवश्यक उखु आपूर्ति हुन नसकेपछि मिलले दुई दिनअघि सार्वजनिक सूचना जारी गरी बाँकी रहेका उखु जति सक्दो छिटो उपलब्ध गराउन किसानलाई आग्रह गरेको छ।

एभरेस्टले यो आर्थिक वर्षमा न्यूनतम ३० लाख क्विन्टल उखु क्रसिङ गरी दुई लाख ७० हजार क्विन्टल चिनी उत्पादनको लक्ष्य लिएको छ । यो लक्ष्य पूरा गर्न दैनिक ४० हजार क्विन्टल उखु क्रसिङ गरी तीन हजार छ क्विन्टल चिनी उत्पादन गर्दै आएको थियो। उखु अभावले क्रसिङ र उत्पादन दुवैमा कमी आएको शुक्लाले बताए। उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेश सिंह कुशवाहाका अनुसार किसानका खेतमा उखु सकिँदै गएकाले मिल गेटमा उखु आपूर्तिमा कमी आएको छ । क्रसिङका लागि आवश्यक उखु मिल गेटमा २० लाख क्विन्टल र कारखाना परिसर बाहिर महोत्तरी र सर्लाहीका ३३ वटा खरिद केन्द्रमार्फत १० लाख क्विन्टल उखु आपूर्तिको व्यवस्था गरिएको थियो। उखु खेत रित्तिँदै गएकाले धेरैजसो खरिद केन्द्रहरू बन्द भइसकेका छन्। यसले गर्दा उखु आपूर्ति पनि कम हुँदै गएको उनले बताए।

# महाशिवरात्रि पर्व मनाइँदै



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा अवस्थित बिहीबार महाशिवरात्रीका लागि सजाइएको बाबा जलेश्वरनाथको मन्दिर। तस्विर : टुडे

टुडे समाचारदाता

जनकपुरधाम । प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको विधिपूर्वक पूजा-आराधना गरी आज जनकपुरधाम सहित देशभर मनाइँदैछ । वैदिक सनातन हिन्दू धर्मावलम्बीहरुले बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गएर श्रद्धाभक्तिपूर्वकपूजाराधनागरीयोपर्वमनाउँदै छन्।

देशभरका शिवालय मन्दिर हरुमा विहानैदेखि भक्तजनको घुईंचो लागेको छ। यस क्षेत्रका प्रसिद्ध शिवालय जलेश्वरनाथ, कपिलेश्वरनाथ, भूतनाथ महादेव, शिव मन्दिर, कुवा स्थित महादेव मन्दिर, टुटेश्वरनाथ महादेव, क्षीरेश्वरनाथ महादेव मन्दिरमा भक्तजनहरुको घुईंचो लागेको छ। प्राचीन कालदेखि नै शैवधर्मको केन्द्र मानिने नेपालमा महाशिवरात्रीका अवसरमा विशेषगरी भारतबाट आउने साधुसन्तका कारण पनि पशुपतिनाथ मन्दिर परिसर निकै रमणीय बन्ने गरेको छ।

हिन्दू संस्कृतिमा कालरात्री, सुखरात्री, मोहरात्री र शिवरात्री जस्ता चार रात्री प्रख्यात छन् । कसैले भगवान शिवको जन्म भएकाले आराधना गर्ने गरेको मान्ने गर्छन् भने कसैले शिवरात्रीको दिन भगवान शिवको पार्वतीसँग विवाह भएको विश्वास गर्छन्। यो दिन भगवान शिवलाई आराधना गर्ने सबैभन्दा उपयुक्त दिनका रुपमा धर्मग्रन्थहरुमा व्याख्या गरिएको छ।

भगवान शिवको आराधना गरी व्रत उपासना गरेमा मनुष्य जीवनबाट मुक्ति पाउने किंवदन्ती छ । शिवलाई महादेव, इशान, महेश, हर शंकर, रुद्र, गिरीश जस्ता नामले पुकार्ने गरिन्छ। कतै-कतै भगवान शिवलाई प्रसन्न पार्ने हेतुले शिवको प्रिय गाँजा, भाङ, धतुरो, घोट्टा आदिको सेवन गर्ने चलन छ। यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसेमा सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ।

आजको दिन महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठमन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ । महिलाका लागि शिवरात्रीको विशेष महत्व छ । व्रतमा सर्वोत्तम व्रतका रुपमा लिइने यस पर्वका दिन उपवास गरी 'ॐ नमः शिवाय' मन्त्र जप्ने गरेमा सर्वसिद्ध भई यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको छ। शिवको अति प्यारो दिनका रूपमा आजको दिनलाई लिने गरिन्छ।

शिवरात्रि पर्वलाई पर्वको राजा भनिन्छ र शिवरात्रिको पालनाले भोग र मोक्ष दुवैको प्राप्ति हुने प्राचीन जनविश्वास छ । शिव उत्पत्ति भएको रातका नामबाट नामाकरण भएको महाशिवरात्री प्रत्येक वर्षको फागुन कृष्ण चतुर्दशीका दिन मनाइने प्रचलन छ।

अविवाहित युवती शिवको प्रर्थाना गर्छन् र असल पतिको कामना गर्छन् । विवाहित महिला आफ्ना पति र परिवारको मंगल कामना गर्छन्।

# अपहरित बालकको उद्धार, एक जना पक्राउ



टुडे समाचारदाता

मलंगवा । सीमावर्ती क्षेत्रस्थित सर्लाहीको पर्सा गाउँपालिकाबाट अपहरणमा परेका एक बालकलाई सकुशल उद्धार गरिएको छ । भारतको बिहार राज्य सितामढी जिल्ला सोनवर्षा जानकीनगर वडा नं. १ दरबार लालवनी घर भएका धीरेन्द्र रामको छोरा ४ वर्षीय अङ्कित कुमार राम पर्सा गाउँपालिका-२, सङ्ग्रामपुरबाट अपहरणमा परेका छन् । बालक आफ्नी दिदीसँगै मामाघर नजिकैको पसलमा कुरकुरे किन्न जाँदा अपहरणमा परेका छन् । बालकका दिदी अपहरणमा संलग्न व्यक्तिको हातबाट फुस्किएर भाग्दै मामाघर आए पनि अङ्कितलाई भने अपहरणकारीले लैजान सफल भएका थिए। भाइलाई नचिनेका मानिसले भारततर्फ लिएर गएको भनी बालिकाले मामाघरमा आएर भनेपछि अपहरित बालकलाई तत्कालै गाउँले र प्रहरी मिलेर सङ्ग्रामपुरस्थित सीमा क्षेत्रबाट उद्धार गर्न सफल भएको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए।

प्रनाउ पञ्जियारका अनुसार बालकलाई अपहरण गरी भारततर्फ लैजान खोज्ने भारत सितामढी बथुवारा वडा नं. १ बस्ने २७ वर्षीय अताबुल अन्सारीलाई पक्राउ गरिएको छ । अन्सारीलाई अपहरण तथा शरीरबन्धक कसुर मुद्दामा बिहीबार सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# मालपोत धनुषाको राजस्वमा सुधार





टुडे समाचारदाता

जनकपुरधाम । भूमि सुधार तथा मालपोत कार्यालय धनुषाले गत वर्षको तुलानमा चालु आर्थिक वर्ष २०८०/८१ को माघ मसान्त सम्ममा बढी राजस्व संकलन गरेको छ । कार्यालयले चालु आर्थिक वर्षको माघ मसान्त सम्ममा करिव ३५ करोड राजस्व संकलन गरेको छ।

भूमि सुधार तथा मालपोत कार्यालयका लेखा प्रमुख राम कुमार चौधरीले माघ मसान्त सम्ममा राजस्व बाँडफाँट अन्तर्गत संघीय सरकारलाई बुझाउनु पर्ने राजस्व १३ करोड ९८ लाख ५० हजार राजस्व संकलन गरिएको बताए। त्यसैगरि, विभिन्न करबाट ३ करोड ७१ लाख ८३ हजार, पूँजीगत लाभ करबाट १० करोड २६ लाख ६७ हजार राजस्व संकलन भएको लेखा प्रमुख राम कुमार चौधरीले बताए। त्यसैगरि, प्रदेश सरकार र स्थानीय तह राजस्व बाँडफाँट अन्तर्गत २१ करोड ४८ लाख राजस्व संकलन गरिएको कार्यालयले जनाएको छ।

गत वर्षको माघ मसान्त सममको तुलनामा यस वर्ष माघ मसान्त सममममा राजस्वमा बढ़ोतरी भएको उनले बताए। गत आवमा माघ मसान्त सम्म २९ करोड ५० लाख राजस्व संकलन भएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार औसतमा प्रति दिन २५० राजिष्ट्रेशन पास हुने गरेको छ। कार्यालयमा जग्गा राजिष्ट्रेशन पास गराउन आउने सेवाग्राहीलाई कुनै समस्या नहोस यसका लागि कार्यालयले एक दिनमै राजिष्ट्रेशन पास हुने गरी सेवा प्रदान गर्दै आएको उनले बताए।

# कोशी पीडित भारतीय टोली नेपाल आउँदै



टुडे समाचारदाता

राजविराज । मुआब्जाका लागि दशकौंदेखि सप्तरी, सुनसरी, र उदयपुरका कोशी पीडितहरु संघर्षरत रहेका बेला कोशीबाट पीडित सीमावर्ती भारतीय क्षेत्रका वासिन्दा समेत आन्दोलित भएका छन्।

यसैक्रममा १५ सूत्रीय माग अघि सार्दै भारतीय भूमिमा कोशी पीडितहरुले थालेको पदयात्रा आगामी चैत ४ गते सप्तरी सुनसरीको बीच सीमामा पर्ने कोशी ब्यारेज पुग्ने भएको छ।

नेपाल-भारत दुबै तर्फका कोशी पीडित आ-आफ्नो सरकारको ध्यानाकर्षण र दबाबका लागि मिलेर काम गर्ने नीति अनुसार पदयात्रा कोशी ब्यारेज आउन लागेको भारतीय कोशी पीडित संघर्ष समितिका संयोजक एवं जनअधिकार पार्टी भारत बिहार प्रदेशका अध्यक्ष उपेन्द्र कुशवाहाले जानकारी दिए ।

कोशी पदयात्रा नाम दिइ निस्केको टोली बारे अग्रिम जानकारी तथा नेपालका कोशीपीडितहरु समेतलाई व्यापक सहभागी गराउने उद्देश्यले बिहीबार राजविराज आइपुगेका उनले कोशीबाट पीडित भएकाहरुको समस्या समाधानका लागि आ-आफ्नो मुलुकका सरकारको ध्यानाकर्षण गराउन नेपाल-भारत दुबै क्षेत्रमा पदयात्राको आयोजना गरिएको बताए।

भारतीय भूमि सहरसा, सिपौल, मधुबनी र दरभंगामा फागुन १९ देखि सुरु भएको कोशी पदयात्रा चैत्र ४ गते नेपालको कोशी ब्यारेज पुगि सम्पन्न हुने र त्यसपछि दोस्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरिने उनको भनाइ छ।

"आफूहरुको अभियानमा नेपालका सप्तरी, सुनसरी र उदयपुरका कोशी पीडितहरुको पनि साथ, सहयोग र समर्थन प्राप्त होस् भन्ने उद्देश्यका साथ आएका हौं, उनले संचारकर्मीहरुको भेटघाटमा भने, सबैले सहयोगको प्रतिबद्धता जनाएका छन्।"

उनले दुबै तर्फका कोशी पीडितहरुको समस्या एकै प्रकारका रहेको भन्दै मिलेर अघि बढ्दा आ-आफ्नो सरकारलाई ती समस्या समाधानका लागि घचघचाउन र दबाब बनाउन बल प्राप्त हुने विश्वास समेत व्यक्त गरे।

उनले कोशीको बाढीबाट सीमावर्ती भारतको सहरसा, सुपोल, दरभंगा र मधुवनीका ३ सय ८० गाउँका जनता प्रभावित भएको भन्दै कोशी पीडितले आवश्यक मुआब्जा नपाए त्यस क्षेत्रका बासिन्दाले भारतमा निकट भविष्य मै हुन लागेको लोकसभा निर्वाचन बहिष्कार गर्ने निर्णय समेत गरिएको जानकारी दिए । उनले कोशीबाट पीडित भारतीय र नेपाली दुबैलाई मुआब्जा उपलब्ध गराउनु पर्नेसहितका १५ बुँदे माग सहितको ज्ञापनपत्र भारतको बिहार राज्य र केन्द्रीय सरकारलाई बुझाइसकेको जानकारी समेत दिएका छन्। कोशी कटान डुवान पीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरका संयोजक महिदेव चौधरीले कोशी पीडितको पक्षमा आवाज उठाउने सबैप्रति आफूहरुको समर्थन र सहयोग रहने जनाएका छन्।

# प्राचार्य राजीनामाको विषयलाई लिएर विवाद



टुडे समाचारदाता

राजविराज । सप्तरीको शम्भुनाथ नगरपालिकामा सशस्त्र प्रहरीको कल्याणकारी सेवा अन्तर्गत संचालित नेपाल एपीएफ ठाको देवी जोगेन्द्र आवासीय विद्यालयका प्राचार्य चन्द्र शेखर देवले आफूलाई विद्यालयका समादेशक र जग्गादाताले डर त्रास र फसाउने धम्की दिदै जबरजस्ती राजीनामा गर्न लगाएको आरोप लगाएका छन्।

राजविराज १३ निवासी देव २०७८ माघ २ देखि सो विद्यालयमा प्राचार्य पदको जिम्मेवारी सम्हाल्दै आएका थिए। उनले ४ दिन अघि फागुन २० गते सो पदबाट राजीनामा दिएका छन् । "सुरक्षाकर्मी राखेर समादेशक डिएसपी दिपक खनालले डर, त्रास र धम्की दिदै जबरजस्ती राजीनामा गर्न लगाएका छन्, देवले भने-'त्रासपूर्ण अवस्था सृजना गरेपछि राजीनामा लेख्न बाध्य भए।"

विद्यालयको हरेक गतिविधिमा निरन्तर हस्तक्षेप तथा अस्तव्यस्त व्यवस्थापनबारे प्रश्न उठाउँदा विद्यालयको जग्गादाता जोगेन्द्र भगत समेतको मिलेमतोमा आफूमाथि यस्तो व्यवहार गरिएको उनको भनाइ छ।

बिहीबार राजविराजमा सञ्चारकर्मीहरु सित कुरा गर्दै उनले सुरक्षा दिने स्थलमा आफू असुरक्षित भएको महसुस भएपछि राजीनामा दिएर न्यायका लागि राष्ट्रिय मानव अधिकार आयोगमा समेत उजुरी दिएको बताए।

उनले विद्यालय संचालनको हरेक विषयमा समादेशक र जग्गादाताले अनावश्यक हस्तक्षेप गर्ने गरेको र त्यसबारे प्रश्न उठाउँदा आफुलाई षडयन्त्र गरी राजीनामा गर्न बाध्य बनाइएको बताए।

विद्यालयको जग्गादाता जोगेन्द्र भगतले भने प्राचार्य देवले लगाएको आरोप निराधार रहेको दाबी गरे । "पदीय आचरण विपरीतका काम गर्दै आएकाले सहज ढंगले "तपाई राजीनामा दिनुस, भनी मात्र भनिएको हो उनले भने-'समादेशक वा अन्य कुनै पनि ब्यक्तिबाट यस्तो दुर्व्यहार र दबाव दिइएको छैन।"

सशस्त्र प्रहरी बल नेपालका सहायक प्रवक्ता शैलेन्द्र थापाले प्राचार्य देवमाथि त्यस्तो कुनै प्रकारको दुर्व्यवहार नगरिएको भन्दै यो प्रहरी संगठनलाई बदनाम गर्ने प्रयास मात्र भएको बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८